Received Date : March. 2026 Revised : April. 2026 Accepted : May. 2026

अदालती पत्रकारीता: अवस्था, सम्भावना र आवश्यकता

हरिप्रसाद फुयाल*

राकेश बम**

१. परिचय

यस लेखमा अदालती पत्रकारिताको वर्तमान अवस्था र सम्भावनालाई विवेचना गर्ने प्रयत्न गरिएको छ । न्यायालय र सञ्चार माध्यमको साझा महत्त्वको विषयको रूपमा रहेको अदालती पत्रकारिताको सारवस्तुलाई यस लेखमा मूख्यतः पाँच शिर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ । लेखको प्रथम खण्डमा, पत्रपत्रिका, रेडियो र टिलिभिजनलगायत पूरानो प्रविधिमा आधारित परम्परागत पत्रकारिता र नयाँ प्रविधिमा आधारित सामाजिक सञ्जालमूखि पत्रकारितामा अदालत सम्बन्धी समाचार सामग्रीको प्रचुरतालाई पहिल्याइएको छ । दोस्रो खण्डमा, अदालती पत्रकारितामा आधारित समाचार माध्यमहरूको सञ्चालन अवस्था, यसको दिगोपना र सम्भावनाको विश्लेषण गरिएको छ । तेस्रो खण्डमा, खुल्ला न्यायको अवधारणाका विविध पक्षलाई औल्याइएको छ भने चौथो खण्डमा मिथ्या सूचनाले अदालती पत्रकारितामा पार्न सक्ने जोखिमलाई उजागर गरिएको छ । अन्तिम खण्डमा, विभिन्न देशहरूमा जारी गरिएको अदालती पत्रकारिता सम्बन्धी पेशागत मार्गदर्शनको विश्लेषण गर्दै सन्तुलित पत्रकारिताको माध्यमबाट समग्र न्याय प्रणाली र समाचार माध्यमहरूको सार्वजनिक विश्वसनीयता कायम गर्न प्रोत्साहन गरिएको छ ।

शब्द कुञ्जी

दिगोपना, मार्गदर्शन, उदियमान, समिकरण, सत्ताधारी, विधिशास्त्र

२. मिडियामा अदालती खबरको प्रचुरता

सामान्यतयः समाचार माध्यमहरू ब्रेकिङ न्यूजको खोजिमा रहने गर्दछन् । यसको मूख्य कारण ब्रेकिङ न्यूजले पाठकको ध्यान सजिलै आकर्षित गर्छ भन्ने नै हो । साथै, अत्यधिक सार्वजनिक खपतमा रहने ब्रेकिङ न्यूजको शिघ्र र विस्तृत प्रशारण गर्न सक्ने नयाँ तथा उदियमान सञ्चार माध्यमहरूले छोटो अवधि मै स्थिर लोकप्रियता र आर्थिक उपार्जन गर्न सक्ने हुँदा मिडियाको 'ब्रेकिङ न्यूज मोह'लाई स्वभाविक मान्न सकिन्छ । अर्कोतर्फ, शनशनीपूर्ण खबरले दश पृष्ठको अखबारको पहिलो पृष्ठमा स्थान पाउँदै गर्दा सार्वजनिक महत्त्वका खबरहरूले एक अनुच्छेद समेत नपाउने जोखिमलाई नजरअन्दाज गर्न सकिँदैन । यसको असर अदालती पत्रकारिताको क्षेत्रमा पनि देख्न सकिन्छ । राजनीति, राजनीतिक दल वा दलका नेता सम्बद्ध अदालती मुद्दाहरूले राष्ट्रिय दैनिकहरूको पहिलो पृष्ठ प्राप्त गर्दै गर्दा सर्वोच्च अदालतबाट प्रतिपादन भएका सार्वजनिक महत्त्वका नजिर सिद्धान्तहरूले खासै स्थान नपाएको वास्तवकिता हामी माझ प्रष्ट छ ।

राजनीतिक दल तथा दलका नेताको गतिविधिको संवैधानिक परीक्षण गर्ने क्रममा अदालतबाट भएका फैसलाका कारण सत्ता समिकरण र राजनीतिक गठजोडमा समेत प्रभाव पर्न सक्ने हुँदा उक्त विषयका अदालती समाचारहरूको उच्च सार्वजनिक उपभोग भइरहेको पाइन्छ ।[1] पछिल्लो समयमा राजनीतिक दलको विभाजन, सत्ताधारी राजनीतिक दलको सरकारको वैधता, सरकारका विवादास्पद निर्णय, सांसदको योग्यता तथा राजनीतिक दलसँग सम्बन्धित व्यक्तिहरू उपरका भ्रष्टाचार लगायत

* न्यायाधीश, सर्वोच्च अदालत ।

** उहाँ नेपाल ल क्याम्पसमा एल.एल.एम. मा अध्ययनरत हुनुहुन्छ र मा.न्या. फुयालको चेम्वरमा इन्टर्न गरिरहनु भएको छ ।

[1] नेपाली पत्रपत्रिकाहरुमा प्रकाशन हुने कुल समाचारको करिब बीस प्रतिशत अदालती विषयवस्तुमा आधारित हुने अनुमान गरिएको देखिन्छ ।

अन्य फौजदारी मुद्दाका विषयवस्तु सर्वाधिक चासोका विषयका रूपमा रहेका थिए । उदाहरणको लागि, संसद विघटन, ललिता निवास, नक्कली भुटानी शरणार्थी, कोशी र गण्डकी सरकारको वैधता लगायतका विषयलाई समाचार माध्यमहरूद्वारा व्यापक रूपमा प्रकाशन-प्रशारण गरिएको देखिन्छ । यसबाहेक सार्वजनिक क्षेत्रमा ख्याति कमाएका सेलिब्रिटिहरू सम्बद्ध अदालती मुद्दाहरूले पनि निकै ठुलो कवरेज पाएको देखिन्छ ।

पछिल्लो केहि वर्षमा अखबारहरूले सम्प्रेषण गरेका समाचार सामग्रीहरूको विषयगत विश्लेषण गर्ने हो भने अधिकांश सामग्रीहरू केहि राजनीतिक तथा हाइ-प्रोफाइल मुद्दासँगमात्र सम्बन्धित रहेको देखिन्छ । समग्र अदालती कवरेज भने न्यूनतर नै रहेको छ । समाचार माध्यमहरूको "मुद्दा" भन्दा पनि "प्रकरण" सम्बन्धी समाचार सम्प्रेषण गर्ने प्रवृत्तिका कारण अदालतद्वारा कुनै महत्वपूर्ण विषयका विधिशास्त्र तथा मानव अधिकार सम्बन्धमा गरिएका फैसला र अन्य कानूनी विषयमा प्रतिपादन भएका सार्वजनिक महत्त्वका तथा ऐतिहासिक प्रकृतिका नजिर सिद्धान्तलाई पत्रपत्रिकामा उल्लेख्य स्थान दिइएको देखिँदैन । निम्नानुसार प्रस्तुत गरिएको तालिका १ र २ बाट प्राप्त तथ्यांकले समेत यसको पुष्टि गर्छ ।[2]

तालिका १: राष्ट्रिय समाचार दैनिकहरूमा प्रकाशन भएका समाचार सामग्रीहरूको संख्या ।

समाचार दैनिक	**सामग्री संख्या**
कान्तिपुर	६५
काठमाण्डु पोस्ट	७५
नयाँ पत्रिका	७८ (१६ अंक फेला नपरेको)
हिमालयन टाइम्स	९६ (१ अंक फेला नपरेको)
अन्नपूर्ण पोस्ट	८२
नागरिक दैनिक	८५

साल २०८१ वैशाख १ गते देखि असार १२ सम्म (जम्मा ७५ दिन) प्रकाशन भएका तालिका १ मा उल्लिखित समाचारपत्रहरूको इन्टरनेट अभिलेखअनुसार, हिमालयन टाइम्समा सबैभन्दा धेरै ९६ र कान्तिपुर दैनिकमा सबैभन्दा कम ६५ वटा अदालती विषयवस्तु सम्बन्धी समाचार सामग्री प्रकाशन भएको देखिन्छ । नयाँ पत्रिका र काठमाण्डु पोस्टमा प्रकाशन भएका अदालती समाचार सामग्रीको संख्या क्रमशः ७८ र ७५ रहेको देखिन्छ । सो अवधिमा अन्नपूर्ण पोस्टमा ८२ र नागरिक दैनिकमा ८५ वटा अदालती विषयवस्तु सम्बन्धी समाचार सामग्रीहरू प्रकाशन भएको देखिन्छ ।

नेपालमा प्रकाशन हुने दैनिक समाचारपत्रहरूमा अदालत सम्बन्धी समाचार सामग्रीले उल्लेख्य स्थान पाउने गरेको देखिएतापनि उक्त समाचार सामग्रीहरू विशेषतः राजनीतिक तथा हाइ-प्रोफाइल प्रकरण एवम् भ्रष्टाचारका मुद्दामा केन्द्रित रहेको यस अध्ययनले देखाएको छ, जसलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

[2] यस लेख तयार पार्ने क्रममा केहि राष्ट्रिय समाचार दैनिकहरुको २०८१ सालदेखिको दैनिक समाचार पत्रको इन्टरनेट अभिलेख अध्ययन गरिएको थियो । समाचार दैनिकहरुको अध्ययन गर्ने क्रममा नेपाली भाषामा प्रकाशन हुने कान्तिपुर दैनिक, नयाँ पत्रिका, हिमालयन टाइम्स, अन्नपूर्ण पोष्ट, नागरिक दैनिक र अंग्रेजी भाषामा प्रकाशन हुने द काठमाण्डु पोष्टका इन्टरनेट अभिलेखका रूपमा रहेका समाचारपत्रहरुमा साल २०८१ वैशाख १ गते देखि असार १२ सम्म (जम्मा ७५ दिन) प्रकाशित समाचार सामग्रीहरुको अध्ययन गरिएको थियो । उक्त समयावधि भित्र प्रकाशन भएको नयाँ पत्रिका दैनिकको १६ दिन र अन्नपूर्ण पोष्ट र हिमालयन टाइम्सको समान १ दिनको समाचारपत्रको इन्टरनेट अभिलेख भने फेला नपरेको हुनाले उक्त समाचारपत्रको तथ्यांक अपूर्ण रहेको छ ।

तालिका २: राष्ट्रिय समाचार दैनिकहरूमा प्रकाशित अदालती समाचारका विषयवस्तुहरू

समाचार दैनिक	समाचार विषयवस्तु									
	प्रदेश सरकार वैधता	विदेशी तथा अन्त-र्राष्ट्रिय मुद्दाहरू	भ्रष्टाचार सम्बन्धी मुद्दाहरू	हाइ-प्रोफाइल व्यक्ति सम्बद्ध प्रकरण (सिरोहिया, सन्दीप, आलम, बमजन)	'फेक न्युज' प्रकरण	मन्त्री तथा राजनीतिक दल, तथा दलका नेता सम्बद्ध मुद्दाहरू	गिरीबन्धु टि-स्टेट प्रकरण	सहकारी प्रकरण (जिबि राइ, रवि लामिछाने, दिनेश पुन)	नजिर तथा व्याख्या	अन्य
कान्तिपुर	७	१	१४	८	७	३०	४	१३	०	१२
काठमाण्डु पोस्ट	५	१६	९	१३	३	२०	१	८	०	१३
नयाँ पत्रिका	८	२	२६	६	१	१५	१	४	०	२१
हिमालयन टाइम्स	१३	०	३४	१०	१	२६	३	५	८	२२
अन्नपूर्ण पोस्ट	९	३	१६	६	१८	१४	१	४	१	१४
नागरिक दैनिक	७	३	१९	६	६	२१	२	७	८	१६

उपर्युक्त तालिकाबाट २०८१ सालदेखि असार १२ सम्म कान्तिपुर दैनिकमा प्रकाशन भएका कुल ६५ अदालती समाचार सामग्रीहरू मध्ये राजनीतिक दल, हाइ-प्रोफाइल प्रकरण वा भ्रष्टाचारका मुद्दासँग प्रत्यक्षरूपमा सम्बन्धित नरहेका सामग्रीको संख्या केवल १२ रहेको देखिन्छ। साथै, सर्वाधिक ३० वटा समाचार सामग्रीहरूको विषयवस्तुमा कुनै मन्त्री, राजनीतिक दल, वा दलका नेता सम्बद्ध मुद्दाहरू रहेको देखिन्छ। द काठमाण्डु पोस्टले प्रकाशन गरेका कुल ७५ समाचार सामग्रीहरू मध्ये १३ वटा समाचार सामग्री मात्र राजनीतिक दल, हाइ-प्रोफाइल प्रकरण वा भ्रष्टाचारका मुद्दासँग प्रत्यक्ष रूपमा जोडिएको देखिँदैन। यो संख्या नयाँ पत्रिकामा २१ (कुल ७८ मध्ये) रहेको छ भने हिमालयन टाइम्समा २२ (कुल ९६) रहेको देखिन्छ। त्यस्तै, सो अवधिमा अन्नपूर्ण पोस्टमा र नागरिक दैनिकमा प्रकाशन भएका अदालती समाचार-सामग्री मध्ये क्रमशः १४ (कुल ८२) र १६ (कुल ८६) मात्र राजनीतिक दल, भ्रष्टाचार वा हाइ-प्रोफाइल प्रकरणसँग असम्बन्धित रहेको देखिन्छ। अध्ययन गरिएका समाचार दैनिकहरूमध्ये, हिमालयन टाइम्स, अन्नपूर्ण पोस्ट र नागरिक दैनिकले मात्र सर्वोच्च अदालतबाट प्रतिपादित सैद्धान्तिक व्याख्या वा नजिरलाई विषयवस्तु बनाई सामग्री प्रकाशन गरको देखिन्छ। यद्यपि यसरी प्रकाशित समाचारको संख्या निकै कम रहेको छ। उक्त संख्या हिमालयन टाइम्स र नागरिक दैनिकमा समान ८ रहँदा अन्नपूर्ण पोस्टमा उक्त संख्या केवल १ रहेको देखिन्छ।

परम्परागत समाचार माध्यमहरूको तुलनामा अनलाइन वेब पोर्टलका रूपमा रहेका समाचार माध्यमहरूमा प्रकाशन हुने अदालती समाचार सामग्रीको संख्या धेरै रहेको पाइन्छ। विशेषतः कानून बिट भएका अनलाइन खबर, सेतोपाटी र रातोपाटीजस्ता समाचार पोर्टलहरूमा प्रकाशित समाचार सामग्रीहरूमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर तथा व्याख्यालाई दिइएको स्थान उत्साहजनक देखिन्छ। तर, राजनीतिक तथा हाइ-प्रोफाइल प्रकरण र भ्रष्टाचार मुद्दालाई प्रश्रय दिने प्रवृत्ति इन्टरनेटमा आधारित समाचार माध्यमहरूमा पनि समान नै रहेको छ। शनशनीपूर्ण खबरलाई प्रश्रय दिने उक्त प्रवृत्तिले एकातर्फ हाई प्रोफाइल व्यक्तिसँग सम्बन्धित मुद्दाहरूले अनावश्यक मिडिया मूल्य पाई मिडिया ट्रायलको स्थिति सिर्जना भइरहेको देखिन्छ भने अर्कोतर्फ सार्वजनिक महत्त्वका अदालती निर्णय र कानून सरहका सैद्धान्तिक व्याख्याहरूको संचार नेपथ्यीकरण भइरहेको पाइन्छ।

अदालती पत्रकारिताको आवश्यकता

न्यायालयका कामकारबाहि बारे नियमित सूचना प्राप्त गर्नु जनताको अधिकार हो । यस अधिकारको प्रचलनमा समाचार माध्यमको मूख्य भूमिका रहन्छ । अदालती कामकारबाहीबारे साक्षर जनता विश्वसनीय न्याय प्रणालीको मेरुदण्डको रूपमा रहेका हुन्छन् । प्रहरी र निजामति प्रशासन कार्यापालिकाले र बजेट अधिकार व्यवस्थापिकाले प्रयोग गर्दै गर्दा न्यायालयको शक्ति स्रोत भने पूर्णतः जनसमर्थन र जनविश्वासमा निर्भर रहेको हुन्छ । जनमानसमा अदालतका गतिविधि र कामकारवाहिको फेहरिस्त नपुग्ने वा अदालतको नकारात्मक छवि निर्माण हुने अवस्था भएमा अदालती कामकारवाहीको प्रभावकारितामा समेत ह्रास आउन सक्दछ ।

बेलायती दार्शनिक जेरेमी बेन्थमले अदालती कामकारवाहीको प्रचारप्रसारको महत्त्व उद्धटित गर्नेक्रममा भनेका छन्;

"Where there is no publicity there is no justice. Publicity is the very soul of justice. It is the keenest spur to exertion and the surest of all guards against improbity. It keeps the judge himself while trying under trial."[3]

अर्थात् अदालती कामकारबाहीको प्रचारप्रसार नहुने हो भने पूर्ण न्याय सुनिश्चित हुन सक्दैन । अदालती कारवाही तथा न्याय प्रक्रियाबारे प्रचार प्रसार नभएको अवस्थामा समग्र न्याय प्रणालीमा सार्वजनिक विश्वास कायम गर्न मुश्किल पर्दछ । अदालत न्याय निरूपण गर्न सक्षम निकाय हो भन्नेमा जनताको विश्वास हराएर जान्छ ।[4] अन्ततः समग्र न्याय प्रणाली असफल बन्न पुग्दछ ।

पत्रकार तथा सञ्चार माध्यमको उत्तरदायी पत्रकारिताबाट न्यायिक प्रक्रियामा जनताको विश्वास अभिवृद्धि गर्न सकिन्छ । साथै, पर्याप्त मिडिया कवरेज हुने हो भने अदालतको आदेश तथा फैसलाको अनुपालनमा समेत सहायता पुग्दछ । विशेषतः सर्वोच्च अदालतद्वारा नेपाल सरकारका नाममा जारी गरिएका आदेशको कार्यान्वयन गराउनुमा उक्त निर्णयबारे जनतालाई जानकारी छ छैन भन्ने कुराको विशेष महत्त्व रहन्छ । कतिपय अवस्थामा जनतालाई अदालतले कुनै अमुक निर्णय गरेको छ र आफू त्यसबाट लाभ प्राप्त गर्न सक्दछु भन्ने जानकारी नै नभएको अवस्था पनि हुन सक्दछ । त्यस्तो अवस्थामा सरकारी अंगहरूले अदालतको फैसलाको अवज्ञा गर्ने जोखिम बढेर जान्छ । तसर्थ, अनभिज्ञताको निवारण गरी सरकारी उत्तरदायित्व कायम गर्न सञ्चार माध्यमहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । जसरी कुनै कानूनको सुविधा प्राप्त गर्न जनतालाई त्यस्तो कानूनको ज्ञान हुन आवश्यक छ, त्यसरी नै अदालती निर्णयले प्रदान गरेको सुविधा प्राप्त गर्न त्यस्तो निर्णयको पर्याप्त प्रचारप्रसार हुनु अत्यावश्यक हुन्छ । उत्तरदायी अदालती पत्रकारिताको माध्यमबाट यस समस्याको सजिलै समाधान गर्न सकिन्छ ।

त्यस्तै, सार्वजनिक सरोकारका मुद्दाहरू (PIL) को विषयवस्तु सार्वजनिक नीति निर्माणसँग प्रत्यक्षरूपमा गाँसिने हुनाले यस प्रकृतिका मुद्दाको फैसला बारे जनतालाई जानकारी हुनु फैसलाको कार्यान्वयनका दृष्टिले लाभदायिक देखिन्छ । साथै, सञ्चार माध्यमबाट अदालतको नियमित कवरेज हुँदा अदालतमा हुन सक्ने भ्रष्टाचार, अनियमितताको निरन्तर निगरानी त हुन्छ नै अदालतको छवि सुदृढिकरण, राज्य शक्ति सन्तुलन, फैसलाको अनुपालन तथा जनसरोकारका विषयलाई जनतामाझ पुर्याइ जनाधिकारको संरक्षण समेत हुने देखिन्छ ।

---

[3] Quoted in A.G. (Nova Scotia) v. MacIntyre, [1982] 1 S.C.R. 175, at p. 183, per Dickson J.

[4] Right Honourable Beverly McLachlin, P.C. Chief Justice of Canada, The Relationship Between the Courts and the Media (2014).

अदालती समाचारको न्यून प्रकाशन र प्रशारण हुनुका कारण

संयुक्त राज्य अमेरिकामा गरिएको एक अध्ययनका अनुसार मुद्दा लगायतका अदालती कामकारवाहिले पर्याप्त मिडिया कवरेज नपाउनुमा तीन मूख्य कारण रहन्छन् । [5] प्रथम, अदालतमा 'सुत्र' वा 'भित्री स्रोत'को अवस्थिति नहुने हुँदा ब्रेकिङ न्यूजको संख्या आफैमा न्यून रहन्छ । [6] दोस्रो, कानूनी विशेषज्ञताको कमीले पत्रकार स्वयंले फैसलाको सारतत्त्व बुझ्न कठिनाई हुँदा अदालती समाचारहरूको न्यून प्रकाशन प्रशारण हुने गर्दछ । भाषिक जटिलताका कारण फैसलाको अपव्याख्या भई अदालती अवहेलनाको मुद्दा सामना गर्नुपर्ने अवस्था आउन सक्ने हुँदा अदालती रिपोर्टिङ गर्न पत्रकार निरुत्साहित हुने गर्दछन् । [7] तेस्रो, पाठकको ध्यान आकर्षित गर्न सक्ने वा बजारमा खपत हुने समाचार मात्र प्रकाशन-प्रशारण गर्ने मिडिया प्रवृत्तिका कारणले मूलधारका पत्रपत्रिका एवम् समाचार माध्यमले अदालती पत्रकारितामा शून्यप्राय समयस्रोत खर्चिने गर्दछन् । [8] जसकारण अदालती पत्रकारिताका क्षेत्रमा निपूण तथा दक्ष पत्रकारको कमी हुन जान्छ र फलतः अदालती समाचारको संख्या समेत घटेर जान्छ ।

यसबाहेक अदालतको कार्यपद्दति पनि न्यून प्रकाशन तथा प्रशारणको कारक तत्त्वको रूपमा रहेको देखिन्छ । मुद्दामामिलाको सुनुवाई बाहेक पेशी गोलाप्रकृया, मिसिल कागज, निर्णय प्रक्रिया, फैसला लेखन जस्ता अन्य अदालती कारवाहीहरू तुलनात्मक रूपमा गोप्य प्रकृतिको रहने हुँदा अदालतका अधिकांश गतिविधिहरू प्रेसको पहुँच भित्र हुँदैनन् । विश्वव्यापी रूपमा नै अनुशरण गरिएको "खुला अदालत", "खुला इजलास"को मान्यता नेपालमा लागू नभएको भने होइन । तर, हाम्रो न्यायालयहरूको खुलापनको दायरा भने बहसको विषयको रूपमा रहेको पाइन्छ । संसद विघटन लगायतका केहि सार्वजनिक प्रकृतिका मुद्दाको सुनुवाईको प्रत्यक्ष प्रसारण गरिएको भएतापनि समाचार माध्यममा वा ईन्टरनेटमा आधारित मिडियालाई सुनुवाईको प्रसारण गर्न दिइएको इतिहास भने हामीसँग रहेको देखिँदैन । अर्कोतर्फ, स्यालोफेक[9] र डिपफेक्स[10]को जमानामा अदालतको इजलास कक्षमा चल्ने सुनुवाइ प्रक्रियाको प्रत्यक्ष प्रसारण गरिनु हुन्छ हुँदैन वा त्यसरी प्रत्यक्ष प्रसारण गर्दा के-कस्ता बन्धन वञ्चनाको आवश्यकता पर्दछ भन्ने बहस कायम रहँदा अदालत क्यामेरा निषेधित क्षेत्रको रूपमा रहन गएको छ । तर, हालसालै मात्र इजलासको सुनुवाईको प्रत्यक्ष प्रसारण गर्न सर्वोच्च अदालतले विशेष अदालतलाई अनुमति प्रदान गरेको हुँदा विस्तारै यस पद्धतिले समस्त न्यायालयको प्रेस कवरेजमा टेवा पुर्याउनेमा आशावादी हुन सकिन्छ । [11]

साथै, नेपालमा अदालती कारवाहीको सुस्तताका कारणले समेत नियमित तथा अविच्छिन्न रूपमा अदालती रिपोर्टिङ गर्न बाधा अड्चन परेको देखिन्छ । अदालतबाट फैसला भएको दिन र फैसलाको पूर्णपाठ तयार हुने दिनबिच लामो अन्तराल हुने हुनाले सम्बद्ध पक्ष बाहेक अन्यलाई मुद्दाको फैसला बारे जानकारी प्राप्त गर्न असुविधा हुने गरेको देखिन्छ । त्यस्तै, सर्वोच्च

---

[5] Tyler Johnson, *How and Why the Supreme Court Remains Undercovered* in COVERING THE UNITED STATES SUPREME COURT IN THE DIGITAL AGE 23-41 (Ed. By Richard Davis, Cambridge University Press, 2014).

[6] *Id.* at 28.

[7] *Id.* at 29.

[8] *Id.* at 30.

[9] स्यालोफेक भन्नाले कसैको भनाईलाई काँटछाँट गरेर भ्रम फैलाउने गरी तयार पारिएको सामग्री भन्ने बुझिन्छ ।

[10] कृत्रिम बौद्धिकताको प्रयोग गरी कुनै व्यक्तिले गर्दै नगरेको कुरालाई दुरुस्त रूपमा निजले नै व्यक्त गरेको देखिने गरी तयारी गरिएको श्रव्यदृष्य सामग्रीलाई डिपफेक्स भनिन्छ ।

[11] रातोपाटी, 'विशेष अदालतको सुनुवाइ प्रत्यक्ष प्रसारण गर्ने तयारी', https://www.ratopati.com/story/416578/bisesh-adalat- बाट साभार ।

अदालतले महत्त्वपूर्ण फैसला भनी वेबसाईटमा प्रकाशन गरेका बाहेक अन्य फैसलाको पूर्णपाठ तयार भयो भएन वा हुने मिति सम्बन्धी जानकारी सार्वजनिक रूपमा उपलब्ध नहुँदा मुद्दामामिलाको नियमित अनुरेखमा समेत समस्या सिर्जना भएको छ । तर, यो परिस्थिति निकट भविष्यमा पूर्ण रूपमा सम्बोधन हुनेमा आशावादि रहन सकिन्छ । अघिल्लो आर्थिक वर्षमा भएका मुद्दा फर्स्यौट र फैसला लेखनका तथ्यांकलाई आधार मान्दा अदालती कारवाहीमा केहि हदसम्म द्रुतता आएको मान्न सकिन्छ ।

अदालती विषयवस्तुका सम्बन्धमा पाठकको अनभिज्ञता तथा अनिच्छाले समेत सञ्चार माध्यमको विकर्षणलाई केहि हदसम्म प्रभाव पारेको देखिन्छ । कानूनी भाषामा निहित प्राविधिकता तथा जटिलताका कारण मुद्दा मामिलामा आधारित सामग्रीको सार बुझ्न परिश्रम गर्नुपर्ने हुँदा सामान्य पाठकले त्यस्ता समाचार नरुचाउने गरेको पाइन्छ । पाठक अरुचीका कारण समाचार बजारमा अदालती विषयवस्तुको न्यून माग रहने हुँदा पत्रपत्रिका एवम् समाचार माध्यमहरूले स्वभावतः न्यून महत्त्व दिएको देखिन्छ । तर, पत्रपत्रिका तथा समाचार माध्यमहरूले प्राविधिक अदालती भाषालाई सरल एवम् वोधगम्य सूचनामा अनुवाद गर्न सक्ने हो भने यस समस्याको सहजै निरूपण गर्न सकिनेमा विवाद देखिँदैन ।

३. अदालती पत्रकारिताको नयाँ आयामः व्यवसाय र व्यवसायिकता

यसअघिको खण्डमा उल्लेख भएको तथ्यांक एवम् विश्लेषणबाट राजनीतिक तथा हाइ-प्रोफाइल मुद्दामै भएपनि अदालती पत्रकारिता उदियमान अवस्थामा रहेको देखिन्छ । विभिन्न समाचार माध्यमहरूमा अदालती बिटको स्थापना भएको तथ्यबाट पनि अदालती पत्रकारिताले लामो समयदेखि 'बिट' पत्रकारिताको स्थान ग्रहण गरेकोमा सन्देह छैन ।[12] उदाहरणका लागि, प्रिन्ट मिडियामा आधारित पत्रपत्रिका तथा अनलाइनमा आधारित समाचार माध्यमहरू जस्तै; अनलाइन खबर, सेतोपाटी, र रातोपाटीमा लामो समयदेखि कानून बिट रहँदै आएको देखिन्छ । त्यस्तै, लामो समयदेखि कानूनी साहित्य वा कानूनी समाचार सामग्रीलाई विषयवस्तु बनाई मासिक वा द्वैमासिक रूपमा छाँपिदै आएका "कानून", "पैरवी", "भर्डिक्ट" लगायतका पत्रिकाहरू अझै पनि प्रकाशन मै रहेको देखिन्छ । यी पत्रपत्रिकाका नियमित ग्राहकको दायरा भने कानून व्यवसायी, न्यायाधीश तथा कानूनका क्षेत्रमा आबद्ध व्यक्तिहरूमा सिमित रहेको पाइन्छ । अर्कोतर्फ, वर्तमान विश्वव्यवस्था द्रुतगति (fast-paced) मा चल्दै गर्दा कानूनका विद्यार्थी लगायत समग्र पाठक वर्गहरू आफ्नै मोबाइल वा ल्यापटपमा समाचार सामग्री सम्प्रेषण भएको देख्न चाहन्छन् ।[13] तीस सेकेन्डको भिडियोमा सिमित गरिएको वा मेटाको कुनै एउटा पोस्टमा तीस शब्दमा वर्णन गरिएको समाचार सामग्री नै अहिलेको पुस्ताको मूख्य रोजाइ बनेको देखिन्छ । यसकारण अदालती समाचार सामग्रीको प्रकाशन प्रशारण इन्टरनेटमा आधारित तथा उपभोक्तामूखी हुनु आवश्यक भइसकेको छ ।

त्यस्तै, नयाँ प्रविधिको विकासले पत्रकारिताको क्षेत्रलाई थप विस्तार गरेको देखिन्छ । कम्प्युटर तथा इन्टरनेटमा पहुँच भएको कुनै व्यक्ति सामान्य पत्रकारिताका कार्य गर्न सक्षम हुने हुँदा अदालती पत्रकारितालाई परम्परागत अवधारणामा सिमित गर्न

[12] यम विरही, *अदालती पत्रकारिताः अवसर र चुनौती*, संहिता, अंक ५५, पृ. ५३

[13] Right Honourable Beverly McLachlin, P.C. Chief Justice of Canada, The Relationship Between the Courts and the Media (2014); Newspapers, radio and television, despite their importance, are now old technology. Many people today – the young and even the not-so-young – use social media as their main sources of information. Without exaggeration, we are witnessing a profound cultural shift in how people communicate and how information is packaged, disseminated and consumed.

सकिने देखिँदैन । [14] साथै, कतिपय अवस्थामा मेटा तथा एक्सका प्रयोगकर्ताहरूले आफ्ना पोस्ट तथा ट्विट मार्फत् सम्प्रेषण गरेका खबरहरू परम्परागत समाचार माध्यमको तुलनामा छिटो, सरल र विस्तृत रहने गरेको समेत पाइएको छ । जसकारण थुप्रै मेटा तथा एक्सका प्रयोगकर्ताहरूले छोटो समयमै अधिक लोकप्रियता आकृष्ट गर्न सफल भएको थुप्रै उदाहरण भेट्न सकिन्छ । नेपाली समाचार वृत्तमा रुटिन अफ नेपाल बन्दको उदय पनि केहि यसैप्रकार भएको देखिन्छ । [15]

इन्टरनेटको यसै अवसरलाई उपयोग गर्दै अदालती पत्रकारिताको क्षेत्रमा कानूनी वेबपोर्टल लगायतका समाचार माध्यमहरू उदय भइरहेको देख्न सकिन्छ । मूलधारका पत्रपत्रिका बाहेक लेक्स नेपाल, कानून खबर, कानून पत्रिका, कानून घर, नेपाली ल डटकम लगायतका कानूनी समाचार सामग्रीमा आधारित वेबपोर्टलहरू स्थापना भएका देखिन्छन् । त्यस्तै, फेसबुक, इन्स्टाग्राममा कानूनका विद्यार्थीहरूद्वारा कानून सम्बन्धी जनचेतना फैलाउने उद्देश्यले थुप्रै पेजहरू चलाइएको पाइन्छ । हाल नेपालमा टिकटकमा प्रतिबन्ध लगाइएको भएतापनि केहि समय अघि The Digital Lawyer का Reels हरूले टिकटकमा लोकप्रियता कमाएको उदाहरण उल्लेखनीय छ । त्यस्तै, नेपाली कानूनी विषयमा चर्चा परिचर्चा गर्दै पोडकास्ट तथा अन्तर्वार्ताको रूपमा समाचार सामग्री प्रस्तुत गर्ने केहि प्रयास समेत भएको देखिन्छ । मेरो अड्डाबाट युट्युबमा प्रसारण हुने "Law कुरा गरौं" र हिमाल पत्रिकाबाट प्रसारण हुने 'कानून यात्रा' लाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । अर्कोतर्फ, युट्युबमा आधारित केहि च्यानलहरूले कानूनी तथा अदालती विषयलाई प्रश्रय दिने गरेको पाइन्छ । जसअन्तर्गत पचास हजार भन्दा बढि सब्स्क्राइबर रहेका LukekoLaw, Random Nepali, Advocate Pritam Tamang, Lex Nepal, NEPAL Law लगायतका युट्युब च्यानलहरूले कानून सम्बन्धी विषय जानकारीहरूलाई समाग्री बनाई दर्शक माझ प्रस्तुत गर्ने गरेको पाइन्छ । तर, बढ्दो बजार स्पर्धा र न्यून उपभोक्ता संख्याका कारण अदालती विषयलाई मात्र सामग्री बनाई स्थिर आय आर्जन गर्नु मुश्किल त छ नै यसले सामग्री सर्जक र समाचार माध्यमको दिगो अस्तित्वलाई समेत चुनौति दिएको देखिन्छ । स्मरणीय के पनि छ भने, इन्टरनेटले सिर्जनशील सामग्रीलाई लोकप्रियता र आर्थिक उपार्जन गर्न सहजता प्रदान गर्ने हुँदा पाठक तथा दर्शकमूखी सामग्री सम्प्रेषण गर्न सक्ने समाचार माध्यमले सहजै दिगो उपलब्धी हासिल गर्न सक्ने सम्भावना रहेको छ ।

वैकल्पिक अदालती पत्रकारिता: विश्वव्यापी प्रचलन

अदालती विषयवस्तुलाई विशेष प्रश्रय दिई समाचार सम्प्रेषण गर्नुका साथै विभिन्न विधिबाट समेत आय आर्जन गरिरहेका इन्टरनेटमा आधारित विश्वविख्यात समाचार माध्यमहरूको सञ्चालन प्रक्रियाबाट नेपाली मिडियाहरूले अनुशरण गर्नु आवश्यक छ । उक्त सञ्चार माध्यमहरूले समाचार सम्प्रेषणका अलावा इ-पुस्तकालय, शोध सफ्टवेयर र उपकरण, इ-अध्ययन, तयारी कक्षा तथा भौतिक कार्यक्रम सञ्चालन गरी मुनाफा कमाउने गरेको पाइन्छ । पाठक सुविधाका लागि, ती समाचार माध्यमहरूलाई निम्नानुसार वर्गिकरण गरी प्रस्तुत गरिएको छः-

क) कानून तथा अदालती विषयलाई मात्र विषयवस्तु बनाई सञ्चालनमा रहेका इन्टरनेटमा आधारित समाचार माध्यम,

ख) कुनै चर्चित पत्रपत्रिकाको कानूनी शाखाको रूपमा स्थापना भएका समाचार माध्यम,

ग) कानूनी शोध सुविधा प्रदान गर्ने कम्पनीको कानूनी समाचार शाखाको रूपमा स्थापना भएका समाचार माध्यम,

[14] Right Honourable Beverly McLachlin, P.C. Chief Justice of Canada, The Relationship Between the Courts and the Media (2014); The explosive growth of new media signals a shift in who reports on legal proceedings. Court decisions may no longer be the preserve of trained professional journalists. Anyone with a keyboard and access to a blog can now be a reporter.

[15] थप अध्ययनका लागि हेर्नुहोस्, https://www.ronbpost.com/

घ) कानूनी पेशागत संगठनको स्वामित्वमा स्थापना भएका समाचार माध्यम, र

ङ) क्याम्पसका विद्यार्थीहरूको सञ्जालमा आश्रित समाचार माध्यम

उपर्युक्त प्रथम वर्गका समाचार माध्यमहरूमा LiveLaw.in[16] तथा Bar & Bench[17] लगायतका समाचार माध्यमहरू पर्दछन् । इन्टरनेटमा आधारित उक्त समाचार माध्यमहरू मूख्यतः ग्राहक सदस्यता शुल्कबाट सञ्चालित भएको देखिन्छ । यस बाहेक उक्त वेब पोर्टलहरूले विज्ञापन, एफिलिएट मार्केटिङ, प्रायोजित सामग्री, परीक्षा तयारी तथा प्रमाणपत्र प्रशिक्षण कार्यक्रमबाट समेत आय आर्जन गर्दै आएको देखिन्छ । दोस्रो वर्गका समाचार माध्यमहरूमा Bloomberg Law[18] र West Law Today[19] लगायतका समाचार माध्यमहरू पर्दछन् । Bloomberg Law सुपरिचित मिडिया कम्पनी Bloomberg[20] सँग सम्बद्ध छ भने हालसालै मात्र WestLaw[21] कानूनी शोध सेवालाई Thomson Reuters[22] मिडिया कम्पनीले अधिग्रहण गरेपश्चात WestLaw Today उक्त पत्रिकाको कानूनी शाखाको रूपमा रहेको देखिन्छ । यी समाचार माध्यमहरूले समाचार सम्प्रेषण गर्ने काम गर्ने मात्र नभई सदस्यता शुल्क वापत कानूनी शोध सफ्टवेयर तथा इ-लाइब्रेरी सेवा समेत उपलब्ध गराउँदै आएको पाइन्छ । तेस्रो वर्ग अन्तर्गत Law 360[23], SCC Times[24] तथा vlex fastcase[25] लगायतका इन्टरनेट माध्यमहरू पर्दछन् । Law 360 प्रतिष्ठित कानूनी शोध तथा सफ्टवेयर वितरक कम्पनी LexisNexis[26] द्वारा सञ्चालन गरिएको समाचार माध्यम हो । त्यस्तै, SCC Times भारतीय कानूनी शोध सफ्ट्वेयर SCC Online[27] सँग आबद्ध छ जसले EBC Reader[28] सँग सहकार्य गरी कानूनी किताबको किनमेलको सेवा समेत उपलब्ध गराई आफ्नो ग्राहक दायरा समेत बढाएको देखिन्छ । साथै, vlex fastcase आफैमा शोध उपकरण तथा सफ्ट्वेयर कम्पनी भएतापनि NewsBank, JD Supra, Lex Blog, Quartz, Asia-Net Pakistan लगायतका समाचार माध्यमद्वारा संकलित अदालती समाचार सामग्रीलाई आफ्नो विषयवस्तुको रूपमा समेटेको पाइन्छ । उक्त सबै कम्पनीहरू मूख्यतः सफ्टवेयर वितरण वा सदस्यता शुल्कबाट आर्जित आयबाट सञ्चालन भइरहेको देखिन्छ । यसबाहेक, चौथो वर्ग अन्तर्गत केहि यस्ता पत्रपत्रिका पर्दछन् जुन कानूनी पेशागत संगठनद्वारा सञ्चालन गरिएका छन् । The Law Society Gazette[29] यसैको एक उदाहरण हो । वेलायतमा सोलिसिटरहरूको पेशागत संगठनका रूपमा रहेको The Law Society ले साप्ताहिक रूपमा The Gazette प्रकाशन गर्दै आएकोमा हाल अनलाइनमा नियमित रूपमा समाचार सम्प्रेषण गर्दै आइरहेको देखिन्छ । मासिक सदस्यता शूल्क बाहेक यस संस्थाले विभिन्न प्रशिक्षण तथा अध्यापन कक्षाहरू सञ्चालन गर्नुका साथै ई-पुस्तकालयको समेत सुविधा प्रदान गर्दै आइरहेको देखिन्छ । अन्तिम वर्गमा निःशुल्क रूपमा समाचार वितरण गर्दै गरेका कानूनका विद्यार्थिको सञ्जालद्वारा

[16] थप अध्ययनका लागि हेर्नुहोस्; https://www.livelaw.in/

[17] थप अध्ययनका लागि हेर्नुहोस्; https://www.barandbench.com/

[18] थप अध्ययनका लागि हेर्नुहोस; https://www.bloomberglaw.com/

[19] थप अध्ययनका लागि हेर्नुहोस; https://www.today.westlaw.com/

[20] थप अध्ययनका लागि हेर्नुहोस; https://www.bloomberg.com/

[21] थप अध्ययनका लागि हेर्नुहोस; https://www.legal.thomsonreuters.com/en/westlaw/

[22] थप अध्ययनका लागि हेर्नुहोस; https://www.thomsonreuters.com/

[23] थप अध्ययनका लागि हेर्नुहोस; https://www.law360.com/

[24] थप अध्ययनका लागि हेर्नुहोस; https://www.scconline.com/blog/

[25] थप अध्ययनका लागि हेर्नुहोस; https://www.vlex.com/

[26] थप अध्ययनका लागि हेर्नुहोस; https://www.lexisnexis.com/

[27] थप अध्ययनका लागि हेर्नुहोस; https://www.scconline.com/

[28] थप अध्ययनका लागि हेर्नुहोस; https://www.ebcreader.com/

[29] थप अध्ययनका लागि हेर्नुहोस; https://www.lawgazette.co.uk/

सञ्चालित समाचार माध्यमहरू पनि रहेका पाइन्छन् । Jurist Legal News[30] यसैको एक विशिष्ट उदाहरण हो । पिट्सबर्ग विश्वविद्यालयको प्रयासमा सुरु गरिएको यस अभियानमा करिब २५ देशका विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरू आबद्ध रहेका छन् । कुनै सदस्यता शुल्क वा खरिद शुल्क नलिने यस समाचार माध्यमले निरन्तर रूपमा विश्वव्यापी रूपमा कानूनी तथा अदालती समाचार सामग्रीको सम्प्रेषण गर्दै आइरहेको पाइन्छ ।

इन्टरनेटमा आधारित अदालती पत्रकारिताको नाफामुलक सञ्चालन

इन्टरनेटको युगमा बजार प्रतिस्पर्धा बढेको भएतापनि समाचार माध्यमहरूको लागि थप अवसर सिर्जना भएको देखिन्छ । इन्टरनेटका अवसरहरूमा पहुँच प्राप्त गर्न हेतु नेपालका लगभग सबै मिडिया कम्पनीहरूले अनलाइन उपस्थिति कायम गरेको देखिन्छ । यी सबै समाचार कम्पनीहरूको आफ्नै वेब पोर्टल हुनुका साथै युट्युब र मेटामा पनि उपस्थिति रहेको देखिन्छ । नेपाली समाचार माध्यमहरूको इन्टरनेट उपस्थितिले एकातिर संसारभरका मानिसहरूको पहुँच वृद्धि भई ग्राहक वर्गको संख्या बढ्दै गरेको पाइन्छ छ भने अर्कोतिर आयआर्जनका थुप्रै आयामहरूको समेत विकास भएको देखिन्छ । माथि उल्लेख गरिएका विश्वविख्यात समाचार माध्यमहरूको अध्ययनबाट अब समाचार माध्यमहरूले सदस्यता शुल्क वा परम्परागत विज्ञापनमा मात्र निर्भर भएर बस्नुपर्ने स्थिति छैन । इन्टरनेटका अवसरहरूको उचित प्रयोग गरी समाचार माध्यमहरूले भौतिक कार्यक्रम, प्रायोजित सामग्री, शोध उपकरण, परीक्षा तयारी तथा प्रमाणपत्र प्रशिक्षण कार्यक्रमबाट कम्तिमा निर्वाहमूखी एवम् मुनाफायुक्त आय आर्जन गर्न सक्दछन् ।

वेब पोर्टल मोनेटाइजेशन, मेटा मोनेटाइजेशन तथा युट्युब मोनेटाइजेशनबाट बहुमुखी आय आर्जनको ढोका खुलेसँगै समाचार माध्यमहरूले निम्नानुसारका विभिन्न विधिबाट समेत आय आर्जन गर्न सक्ने देखिन्छः

क) **विज्ञापन सम्बद्ध आयः** यस विधि अन्तर्गत इन्टरनेटमा आधारित कुनै समाचार माध्यमले आफ्नो वेब पोर्टल, युट्युब भिडियो वा मेटा पोस्टमा अन्य कम्पनीबाट उत्पादित वस्तु वा सेवाको विज्ञापन गरी आय आर्जन गर्न सक्ने देखिन्छ ।

ख) **सदस्यता शुल्कः** प्रिन्ट तथा श्रव्यदृश्य मिडियामा लामो समयदेखि मासिक तथा वार्षिक सदस्यता शूल्कको अभ्यास चलिआएको भएतापनि नेपालमा इन्टरनेटमा आधारित समाचार पत्रिका तथा युट्युब च्यानलमा यसको अभ्यासले तिव्रता लिएको देखिँदैन । यद्यपि विश्वव्यापी रूपमै सञ्चार माध्यमहरूले केहि समाचार सामग्रीलाई निःशूल्क राखी प्रिमियम सामग्रीमा भने सदस्यता शुल्क लगाउने गरेको पाइन्छ । नेपालमा 'सेतोपाटी' अनलाइन पोर्टलले यस अभ्यासलाई अवलम्बन गरेको देख्न सकिन्छ ।

ग) **मर्चेन्डाइज स्टोरः** तिव्र ख्याति प्राप्त समाचार माध्यमले आफ्नो छुट्टै मर्चेन्डाइज स्टोरलाई आफ्नो वेबसाइट वा युट्युब च्यानल सँग आबद्ध गरी वस्तु बिक्री गर्ने गरेको पाइन्छ ।

घ) **एफिलिएट मार्केटिङः** यस विधि अन्तर्गत कुनै युट्युब भिडियो, न्यूज पोर्टल वा मेटा पोस्टमा विज्ञापन गर्न चाहने सम्बद्ध कम्पनीको वेब लिंक जडान गरी कुपन कोड समेत उपलब्ध गराईको हुन्छ । कुनै उपभोक्ताले उक्त कुपन कोड उल्लेख गरी वस्तु खरिद गर्दा छुट प्राप्त गर्न सक्ने गरी व्यवस्था गरिएको हुन्छ । यसरी विज्ञापन गरिने तरिकालाई एफिलिएट मार्केटिङ भनिन्छ । इन्टरनेटको दुनियाँमा एफिलिएट मार्केटिङलाई युट्युब, मेटा तथा न्यूज पोर्टलको मूख्य आय आर्जनको स्रोत मानिन्छ ।

ङ) **युट्युब पार्टनर प्रोग्रामः** यस अन्तर्गत योग्यता पुगेको युट्युब च्यानललाई गुगलले पार्टनर प्रोग्राममा अनुबन्ध गरी स्वचालित विज्ञापन प्रदान गर्दछ । त्यस्तो विज्ञापन गरेबापत गुगलले युट्युब च्यानलहरूलाई निश्चित रकम समेत तिर्ने गरेको पाइन्छ ।

[30] थप अध्ययनका लागि हेर्नुहोस; https://www.jurist.org/

च) **पे पर क्लिक वा भ्यूज**: मेटा, युट्युब तथा न्यूज पोर्टलहरूले प्रत्येक क्लिक तथा भ्यूज मार्फत पनि रकम प्राप्त गरी आय आर्जन गरेको पाइन्छ।

अदालती पत्रकारिताको नाफामूलक सञ्चालन सँग नयाँ मिडियाको प्रतिस्पर्धा पनि जोडिएर आउँछ। बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा गुणस्तरीय एवम् उपभोक्तामूखि वस्तु वा सेवा प्रदान गर्न सक्ने सेवा प्रदायकको अस्तित्व मात्र दिगो हुने हुँदा परम्परागत सञ्चार माध्यमहरूले एकातिर कन्टेन्ट क्रियटर (सामग्री सर्जक) जसरी सोच्न आवश्यक भइसकेको छ भने अर्को तिर द्रुत खबरको सम्प्रेषणको लागि लाईभ-ट्विटिङ था लाईभ ब्लगिङको आयामलाई समेत अवलम्बन गर्न सक्ने देखिन्छ;

कन्टेन्ट क्रियटर जसरी सोच्दै गर्दा

इन्टरनेटको युगमा सबैभन्दा बढि मूल्य पर्ने र बिक्री हुने वस्तु "कन्टेन्ट" लाई मानिन्छ। युट्युब, मेटा लगायतका सामाजिक सञ्जालमा धेरै दर्शकले मनपराएको "कन्टेन्ट"ले छोटो अवधि मै अधिकाधिक लोकप्रियता प्राप्त गर्न सक्दछन्। त्यस्तै, बलियो कन्टेन्ट वा सामग्री निर्माण गर्न सक्ने सर्जकहरूले सहजै स्थीर आय आर्जन गरेको पाइन्छ। युट्युब, मेटा लगायतका सामाजिक सञ्जाल सबैको पहुँचमा पुगेसँगै सामग्री सर्जकको संख्यामा पनि उल्लेख्य वृद्धि भएको छ। जसकारण मूलधार तथा परम्परागत समाचार माध्यमको रूपमा स्थापना भएका संस्थाहरूले समेत उपभोक्तामूखी सामग्रीको उत्पादनमा तिव्र प्रतिस्पर्धाको सामना गर्नुपरिरहेको देखिन्छ। अर्थात्, इन्टरनेटको युग "समाचार" बाट "सामग्री"को दिशातर्फ अघि बढिरहेको देख्न सकिन्छ। फलतः परम्परागत सञ्चारमाध्यममा लामो समय काम गरेका चर्चित पत्रकारहरू पनि नयाँ मिडियामा स्थानान्तरण हुँदै आएको पाइन्छ।[31] तसर्थ, निकट भविष्यमा 'समाचार'लाई 'सामग्री'ले प्रतिस्थापन गर्नेमा विश्वस्त हुन सकिन्छ।

युट्युब च्यानलको लोकप्रियताको मापदण्डको रूपमा रहेको सब्स्क्राइबरको संख्यालाई आधार मान्दा केहि नियमित समाचार माध्यमलाई सामग्री सर्जकहरूले सहजै चुनौति दिएको देख्न सकिन्छ। उदाहरणको लागि, भारतीय समाचार माध्यम NDTV को युट्युब सब्स्क्राइबरको संख्या एक करोड पैंतीस लाख रहेको छ भने चर्चित भारतीय सर्जक ध्रुव राठीको च्यानलमा करिब दुई करोड बाइस लाख संख्यामा सब्स्क्राइबर रहेको देखिन्छ।[32] यसको एक मुख्य कारण सामग्री सर्जकहरूको सरलीकृत, आकर्षक र बोधगम्य सामग्रीतर्फको रुझानलाई मान्न सकिन्छ।

वर्तमान परिप्रेक्ष्यमा परम्परागत पत्रकार तथा समाचार माध्यमहरूले सामग्री सिर्जनाको अवधारणालाई अवलम्बन गर्नु आवश्यक भइसकेको छ। कन्टेन्ट क्रियटर जसरी सोच्दा आयआर्जनका थप अवसरहरूमा सञ्चार माध्यमको पहुँच पुग्ने हुँदा मुनाफामा वृद्धि हुने सम्भावना समेत बढेर जान्छ। प्रथमतः अदालती पत्रकारिताको क्षेत्रमा अभ्यासरत सञ्चार माध्यमहरूले प्रत्येक सामाजिक सञ्जालमा उपस्थिति जनाउनु आवश्यक छ। यसरी सबै सामाजिक सञ्जालमा उपस्थिति जनाउँदा सबै प्रकारका पाठक, दर्शक तथा श्रोतागणसम्मुख पुग्न सहज हुने देखिन्छ। साथै, एकभन्दा बढि सामाजिक सञ्जालमा उपस्थिति जनाउँदै गर्दा सञ्चार माध्यमहरूले एकै समाचारबाट बहुसांख्यिक सामग्री निर्माण गर्न सक्दछन्। परिणामस्वरूप सञ्चार माध्यमहरूले एकै समाचार सामग्रीको सम्प्रेषणबाट गुणात्मक रूपमा आय आर्जन गर्न सक्ने अवसर सिर्जना हुन्छ। जस्तै, कुनै समाचार माध्यमले आफ्नो समाचार पोर्टलमा सम्प्रेषण गरेको समाचारको विषयवस्तुलाई नै भिडियोको रूपमा युट्युबमा प्रशारण गर्न सक्दछ। त्यस्तै, सोही युट्युब भिडियोका केहि मूख्य तथा मनमोहक भागहरूको छोटो क्लिप्स बनाई युट्युब सर्ट्स

[31] उदाहरणका लागि भारतीय पत्रकार रविश कुमार र नेपाली पत्रकार टिकाराम यात्रीलाई लिन सकिन्छ, जसले लामो समयसम्म टेलिभिजन पत्रकारिता गर्दै आएकोमा हाल युट्युबलाई कर्मथलोका रूपमा स्वीकारेको छन्।

[32] यहाँ मिति २०८१।०२।३१ सम्मको तथ्यांकलाई आधार मानिएको छ।

वा मेटामा रिल्सको रूपमा पोस्ट गर्न सकिन्छ । यसरी सामग्री निर्माण गर्दा इन्टरनेटमा उपलब्ध कृत्रिम बौद्धिकता तथा ग्राफिक उपकरणको समेत सदुपयोग गरी उपभोक्ता केन्द्रित सिर्जनशील सामग्री निर्माण गर्न सकिन्छ । यसरी समाचार माध्यमहरूले एउटै कन्टेन्टबाट सबै प्रकारका पाठकलाई आकर्षित गरी गुणात्मक रूपमा आय आर्जन गर्ने बाटो समेत खुल्न जान्छ ।

लाईभ ट्विटिङ तथा लाईभ ब्लगिङ

ईन्टरनेटको आगमन तथा प्रगतिसँगै अदालती पत्रकारितामा लाईभ ट्विटिङ तथा लाईभ ब्लगिङको अवधारणाले पनि प्रवेश पाएको देखिन्छ । लाईभ ट्विटिङ मूख्यतः ट्विटर (एक्स) सँग सम्बन्धित छ, जसअन्तर्गत पत्रकारले कुनै अदालती मुद्दाको सुनुवाई भइरहँदा इजलास कक्षमै बसी तत् इजलासमा चलिरहेको घटना व्यहोरालाई तत्समयमा नै ट्विटर थ्रेड निर्माण गरी लगातार रूपमा ताजा खबर ट्विट गर्ने गर्दछन् । यदि यसै विधिको अवलम्बन गरी कुनै समाचार माध्यमले आफ्नो वेब पोर्टल वा मेटा पोस्टमा थ्रेड निर्माण गरी समाचार सम्प्रेषण गर्दछ भने त्यसलाई लाईभ-ब्लगिङको संज्ञा दिने गरिएको छ ।

विकसित देशहरूमा लाईभ-ट्विटङ तथा लाईभ ब्लगिङको अवधारण नौलौ नभएतापनि नेपालमा यसको नियमित अभ्यास भएको पाइदैँन । नेपालीहरूको ट्विटर (एक्स)मा तुलनात्मक रूपमा पातलो सहभागिता भएका कारणले समाचार माध्यमहरूले लाईभ ब्लगिङ गर्दा भने मेटा वा आफ्नो वेबसाइटलाई नै माध्यम बनाएको पाइन्छ । यस प्रकारको अभ्यासको केहि राजनीतिक तथा लोकप्रिय सेलिब्रिटि सम्बद्ध मुद्दामा सुरुवात भएको देखिन्छ । उदाहरणका रूपमा संसद विघटन तथा शरणार्थी प्रकरणको मुद्दालाई लिन सकिन्छ । *संसद विघटन मुद्दा*[33] गम्भीर एवम् सार्वजनिक चासोको मुद्दा भएका कारण मूलधारकै सञ्चार माध्यमहरूले पनि मुद्दाको ताजा रिपोर्टिङ गर्न मुद्दाको सुनुवाई गर्ने इजलास कक्षमै आफ्ना पत्रकारहरू खटाएको पाइन्छ । मुद्दाको रिपोर्टिङका क्रममा पत्रपत्रिकामा प्रकाशन भएका "न्यायाधीश खतिवडाले महान्यायाधिवक्तालाई सोधे – धारा ७६(५) को आधार के हो? दलको समर्थन अनिवार्य हो कि होइन?"[34], "निवेदक पक्षका वकिललाई इजलासका सात प्रश्न"[35], "निवेदक पक्षको जवाफी बहसः गम्भीर संवैधानिक प्रश्न पन्छाएर राजनीतिक भाषणबाजी"[36] लगायतका समाचार शिर्षकले केहि हदसम्म लाईभ ब्लगिङको आशयलाई प्रकट गरेको बुझ्न सकिन्छ ।

तर, थ्रेड नै निर्माण गरी लाईभ ट्विटिङ वा लाईभ व्लगिङ गरिएको अभ्यास रहेको भने देखिँदैन । यद्यपि, जनचासो तथा सार्वजनिक सरोकार रहने हाइ-प्रोफाइल तथा राजनीतिक दल सम्बद्ध मुद्दाहरूको सम्बन्धी सूचनाको माग उत्कर्षमा रहने हुँदा अदालती पत्रकारितामा लाईभ-ब्लगिङ एक महत्त्वपूर्ण औजारको रूपमा विकसित हुनेमा विश्वस्त रहन सकिन्छ ।

सामान्यज्ञता विरुद्ध विशेज्ञता

अदालती पत्रकारिताको नयाँ आयामसँग सम्बन्धित अर्को विषय हो विशेषज्ञ पत्रकारिता । विशेषज्ञ पत्रकारिताले भाषिक, प्राविधिक तथा कार्यविधिगत जटिलता छिचोल्न सक्ने विशिष्ट गुण तथा योग्यता सहितका पत्रकारको परिकल्पना गर्दछ । विशेषज्ञ पत्रकारिताको मान्यतामा आधारित रहेर नै अदालतमा योग्य तथा विशेषज्ञता हासिल गरेका पत्रकारलाई मात्र कानूनी

---

[33] *शेर बहादुर देउवा समेत वि. राष्ट्रपतिको कार्यालय समेत*, मुद्दा नं ०७७-WC-००७१, आदेश मितिः २०७८ । ०३ । २८ ।

[34] नेपाल लाईभ, *न्यायाधीश खतिवडाले महान्यायाधिवक्तालाई सोधे – धारा ७६(५) को आधार के हो? दलको समर्थन अनिवार्य हो कि होइन?*, https://nepallive.com/story/251162 बाट साभार ।

[35] देशसञ्चार, *निवेदक पक्षका वकिललाई इजसलासका सात प्रश्न,* https://deshsanchar.com/2021/07/04/528711/ बाट साभार ।

[36]

देशसञ्चार, *निवेदक पक्षको जवाफी बहसः गम्भीर संवैधानिक प्रश्न पन्छाएर राजनीतिक भाषणबाजी,* https://deshsanchar.com/2021/07/04/528917/ बाट साभार ।

संवाददाताको रूपमा प्रत्यायित गर्ने प्रचलनको विकास भएको पाइन्छ । साथै, परम्परागत रूपमा कुनै एक पत्रकारले नै सबै प्रकारका विषयवस्तुको समाचार सम्प्रेषण गर्ने प्रचलन रहेतापनि हाल भने क्षेत्रगत विशेषज्ञतालाई महत्त्व दिइ पत्रकारिता बिटको स्थापना गरिएको देखिन्छ ।

खासगरी अदालती पत्रकारितामा "सामान्यज्ञ पत्राकार" र "विशेषज्ञ पत्रकार" बीच स्पष्ट भिन्नता देख्न सकिन्छ । प्रचलित अभ्यास हेर्दा, कानून र पत्राकारिता दुवैमा स्नातकोपाधि हासिल गरेका वा अनुभवले विशेषज्ञता आर्जन गरेका पत्रकारहरूद्वारा अदालतबाट प्रतिपादित नजिर सिद्धान्तलाई खास महत्त्व दिईएको पाइन्छ भने सामान्यज्ञ पत्रकारहरू विशेषतः शनशनी खबरको खोजिमा रहने गरेको देखिन्छ । आफ्नो योग्यता र विशिष्टताका कारण प्राविधिक कानूनी भाषालाई सजिलै बुझ्ने हुनाले विशेषज्ञ पत्राकारले अदालती समाचार सम्प्रेषण गर्दा विषयवस्तुको यथार्थपरकता कायम गर्न सक्दछन् । तर, फैसला एवम् कानूनी भाषाबारे वोधदुविधा हुँदा सामान्यज्ञ पत्रकारले त्रुटिपूर्ण समाचार सम्प्रेषण गर्ने सम्भावना बढेर जाने देखिन्छ । अर्कोतर्फ, विशेषज्ञ पत्रकारहरू अदालती मर्यादालाई सर्वोपरी ठान्दछन् । अदालत र न्यायाधीशको गरिमालाई ध्यानमा राखी समाचारको तथ्य, सत्य र यथार्थलाई विश्लेषण गरी सामग्री निर्माण गर्ने गुणवेत्ता पत्राकारहरूको रूपमा विशेषज्ञ पत्रकारहरूलाई लिइने गरिएको छ । यसको विपरित अदालती मर्यादाको महत्त्वबारे अवोधपनका कारण सामान्यज्ञ पत्रकारहरूले सम्प्रेषण गरेको समाचार सामग्रीले अदालतलाई विवादास्पद तुल्याएको भेटिन्छ । विवादास्पद विषयले नै अखबारको मूख्य पृष्ठ प्राप्त गर्ने र उपभोक्ताको ध्यानाकर्षण गर्न सक्ने हुँदा आम पत्रकारले त्यस्तो विषयलाई अत्यधिक खपत हुने समाचारको रूपमा बुझ्ने गरेको पाइन्छ । तसर्थ, अदालती विषयवस्तुमा विशेषज्ञता प्राप्त पत्रकार तुलनात्मक रूपमा कम मुनाफामूखी र अदालती मर्यादालाई लिएर ज्यादा नैतिकवान र सजग रहने गरेको देखिन्छ । यसकारण पनि अदालती पत्रकारिताका क्षेत्रमा सञ्चार माध्यमहरूले सामान्यज्ञ पत्रकारका तुलनामा विशेषज्ञ पत्रकारलाई प्राथमिकता दिने गरिएको पाइन्छ ।

समग्रमा, अदालती पत्रकारिताको नविनतम विकासलाई हेर्दा कानूनी शोध र अदालती पत्रकारिताको एकीकरण गरी समाचार माध्यमहरू सञ्चालनमा आएको देखिन्छ । अर्कोतर्फ, मुलधारका चर्चित पत्रपत्रिकाहरूले कानून तथा अदालती विषयलाई केन्द्रमा राखेर छुट्टै अंक प्रकाशन गर्ने गरेको समेत देखिन्छ । त्यस्तै, अदालती पत्रकारितामा कृत्रिम बौद्धिकताको प्रयोगले पनि स्थान पाउँदै गरेको देख्न सकिन्छ । कृत्रिम बौद्धिकताको प्रयोगले समाचार माध्यमहरूलाई उपभोक्ता अनुसार सामग्रीको प्रकृति, लम्बाई, पठन-सहजता र सरलता कायम गरी उपभोक्ता मैत्री सामग्री निर्माण गर्न सहायता पुगेको हुँदा यसको प्रयोगमा बढोत्तरी आएको पाइन्छ । कृत्रिम बौद्धिकताको प्रयोगले कानून तथा अदालती विषयका शोधकर्तालाई अध्ययनमा सहज हुने भएकाले यसले बहुमुखि फाइदा पुर्याएको बुझ्न सकिन्छ । साथै, वर्तमान समयमा अदालती समाचार भनी पत्रपत्रिका तथा टलिभिजनबाट सम्प्रेषण हुने समाचार सामग्री मात्र नभई पोडकास्ट, समाचार पोर्टल, दृष्य कथा, रिल्स तथा कानून जानौं, आज अदालतमा जस्ता उपभोक्तामूखी सामग्री निर्माण गरी विभिन्न इन्टरनेट वेबसाइट र सामाजिक सञ्जालहरूमा सम्प्रेषण गरिएको देख्न सकिन्छ ।

४. अदालती पत्रकारिता, स्वच्छ सुनुवाई र अदालती मर्यादा

आधुनिक न्याय प्रणालीमा अदालतलाई खुल्ला निकायको रूपमा मानिएको पाइन्छ । सामान्यतया अदालत खुल्ला न्यायको सिद्धान्तमा आधारित रहने भएतापनि पत्रकारिता र अदालती कार्यपद्धतिको प्रकृति र मान्यताबीच केहि अनमेल रहेको देखिन्छ । पत्रकारितामा खुलापन र पारदर्शिताका मान्यताको अवलम्बन गरिन्छ भने अदालतको कार्यपद्धतिमा कतिपय अवस्थामा गोपनियताको विशेष महत्त्व रहन्छ । कहिलेकाहिं मुद्दाको स्वच्छ सुनुवाई कायम गर्न पनि प्रेस स्वतन्त्रताका मान्यताको स्वनियमन् आवश्यक पर्न सक्दछ । खासगरी, मुद्दाको विषयवस्तुलाई सार्वजनिक परीक्षणको विषय बनाउँदा स्वच्छ सुनुवाईमा

व्यवधान खडा हुने जोखिम रहनाले सञ्चार माध्यमहरूले समाचार सम्प्रेषण गर्दा मुद्दाको सूचना दिनु बाहेक अन्य कुनै अभिलाषा बोक्नु हुँदैन।

मुद्दामामिला सम्बन्धी जानकारी पुर्याउने दायित्व अनुरूप समाचार माध्यमहरूद्वारा प्रेस स्वतन्त्रताको हक प्रयोग हुँदै गर्दा स्वच्छ सुनुवाईमा असर पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्नु आवश्यक छ। प्रिन्ट पत्रकारिता, टेलिभिजन न्यूज, वेब पोर्टल, मेटा तथा युट्युबमा व्यापक प्रचार पाउने हाइ-प्रोफाइल मुद्दाहरूको विषयवस्तुमा आधारित रहेर सञ्चार माध्यमहरूद्वारा सम्प्रेषण गरिएको सामग्रीको अध्ययन गर्दा, प्रेस स्वतन्त्रता र स्वच्छ सुनुवाईको मान्यता बीचको द्वन्द्व प्रष्ट रूपमा देख्न सकिन्छ।

<u>प्रेस स्वतन्त्रता वि. स्वच्छ सुनुवाई</u>

मुद्दाको स्वच्छ सनुवाई सुनिश्चित गर्न अदालतबाट थुप्रै नियम तथा मान्यताहरू लागू गरिएको पाइन्छ। कतिसम्म भने स्वच्छ सुनुवाईको अभावमा गरिएको निर्णयलाई प्राकृतिक न्यायको दृष्टिले खारेजभागी मानिन्छ । उक्त प्राकृतिक न्यायको सिद्धान्तलाई अनुशरण गर्दै नेपालको संविधानमा पनि स्वच्छ सुनुवाईको हकको व्यवस्था गरिएको देखिन्छ । नेपालको संविधानको धारा २० मा व्यवस्था गरिएको न्याय सम्बन्धी हक अन्तर्गत "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ" भनी व्यवस्था गरिएको देखिन्छ।[37] उक्त हकको प्रचलनका निमित्त विचाराधीन मुद्दालाई प्रभावित पार्ने गरी सञ्चार माध्यममा कुनै पनि सामग्री सम्प्रेषण हुनुहुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ। सो अनुरूप पत्रकार आचारसंहिता, २०७३ को नियम ५(११) मा विचाराधीन मुद्दाको न्याय निरूपणमा प्रभाव पार्ने गरी सामग्री सम्प्रेषण गर्न रोक लगाइएको छ।[38] तर, उक्त व्यवस्थाको विपरित पत्रपत्रिकामा चर्चामा आएका हाइ-प्रोफाइल मुद्दाहरूमा विशेषतः पीडित र अभियुक्तको पक्षलाई बलियो वा कमजोर पार्ने उद्देश्य सहित समाचार प्रकाशन गरिएकोबाट आचारसंहिताको पूर्ण अनुपालन भएको देखिँदैन।

पत्रपत्रिकाहरूले स्वच्छ सुनुवाईको सिद्धान्तको अवलम्बन नगर्दा अदालतमा परीक्षण भइ नसकेका प्रमाणहरू समेत सार्वजनिक परीक्षणको विषय बन्न पुगेको दृष्टान्त भेटिन्छ । जसकारण अदालतबाट मुद्दाको निर्णय हुनु अगावै प्रमाण र कानूनका विषयमा एकतर्फि टिकाटिप्पणी हुने तथा प्रमाण र तर्कको अदालती परीक्षण बिना नै अभियुक्तको दोष वा निर्दोषिताको भाष्य निर्माण हुन पुगेको देखिन्छ। त्यस्तै, कतिपय मुद्दाहरूमा अदालतको आदेश र पीडित न्याय प्रणालीका मान्य सिद्धान्त विपरित पीडितको गोपनियता हनन हुने तथा पीडित एवम् अभियुक्तको चरित्रमा लाञ्छना लगाउने कार्यमा अनैतिक अदालती पत्रकारिताको प्रत्यक्ष-अप्रत्यक्ष भूमिका रहेको पाइन्छ।

यसको अर्थ, कुनै पनि मुद्दा सम्बन्धी विषयवस्तुमा समाचार लेख्नै हुन्न भन्ने होइन। सार्वजनिक न्याय सुनिश्चित गर्न सञ्चार माध्यमको उल्लेख्य भूमिकालाई कदापि बिर्सिन सकिदैँन। मुद्दाको सुनुवाई सुरु हुनु पूर्व कुनै घटनाका पीडितको आवाज बन्न, प्रमाण खोज्ने कार्य गरी त्यसबारे सत्यतथ्य पत्ता लगाउन, घटनाको संवेदनशीलतालाई लोक माझ प्रचारप्रसार गर्न सञ्चार माध्यमहरूलाई सदैव सक्षम मान्नुपर्ने हुन्छ। साथै, मुद्दाको सुनुवाई पश्चात अदालतबाट भएको फैसला सार्वजनिक सम्पत्तिको रूपमा रहने हुनाले त्यस्तो फैसलाले कानून तथा न्यायको सिद्धान्तको पालना गरे नगरेको सम्बन्धमा लेख्न, आलोचना गर्न र अदालतमा हुन सक्ने अनियमितता र भ्रष्टाचार बारे समाचार सम्प्रेषण गर्न सञ्चार माध्यमलाई पूर्ण स्वतन्त्रता हुन्छ। नेपालको संविधानप्रदत्त प्रेस स्वतन्त्रताको हकको आशय पनि यहि नै हो। तर, सुनुवाईको क्रममा रहेको कुनै मुद्दाको स्वच्छ सुनुवाईलाई

[37] नेपालको संविधान, धारा २०, उपधारा ९।

[38] पत्रकार आचारसंहिता, २०७३, नियम ५, उपनियम ११।

प्रभावित पार्ने कार्य भने गरिनु हुँदैन । तसर्थ, सञ्चार माध्यमहरूले न्यायिक मर्यादाका सिमालाई ध्यानमा राखी स्वनियमन मार्फत् प्रेस संयमता अपनाउनु अवश्यक छ ।

विचाराधीन मुद्दामा अदालती पत्रकारिता

तर, कस्तो मुद्दालाई विचाराधीन मुद्दा मान्ने वा कुनै मुद्दाको अन्त्य कति बेला हुन्छ भन्ने प्रश्नमा एकमत रहेको पाइदैँन । जस्तै, तल्लो अदालतबाट फैसला भईसकेको तर माथिल्लो अदालतमा पुगिनसकेको मुद्दा आचारसंहिताको प्रयोजनका लागि विचाराधीन मुद्दा हो होइन भन्ने सवाल त छ नै तल्लो अदालतबाट भएको फैसलाबारे टिकाटिप्पणी हुँदा वा सोसँग सम्बन्धित सामग्री पत्रपत्रिकामा छापिँदा पुनरावेदन सुनुवाई प्रभावित हुने सम्भावना कायम रहने हुनाले के कति समाचारलाई सञ्चार माध्यमले सम्प्रेषण गर्नुपर्ने हो भन्ने विषयमा असमञ्जस रहेको पाइन्छ । यस दुविधाको निरूपण गर्न विचाराधीन मुद्दाको परिभाषा गरिनु आवश्यक छ । सामान्यतयः विचाराधीन मुद्दा भनेर अदालतमा दर्ता भई फैसला भइनसकेको मुद्दालाई बुझिन्छ । तर, तल्लो अदालतबाट निर्णय भईसकेका मुद्दामा निर्णय उपर पुनरावेदन गर्ने अधिकार पक्षहरूमा रहिरहेको अवस्थामा भने 'विचाराधीन मुद्दा'को परिभाषालाई विस्तार गर्नुपर्ने हुनसक्छ । उदाहरणका लागि, नेपालको कुनै पनि अदालतमा दर्ता भई लगत कट्टा भइनसकेको मुद्दालाई 'विचाराधीन मुद्दा'को रूपमा बुझ्न सकिन्छ । यसप्रकारका विचाराधीन मुद्दाका तथ्य वा प्रमाणको मूल्यांकन र पक्ष विपक्षको मानमर्दन वा पक्षपात गरी समाचार निर्माण गर्न बाट सञ्चार माध्यमहरूले पन्छिनु आवश्यक छ । अदालतमा दर्ता भएका मुद्दामा बयान सुन्ने, प्रमाण साक्षी बुझ्ने र कानून र न्यायका मान्य सिद्धान्त बमोजिम मुद्दाको निर्णय गर्ने अधिकार र दायित्व स्वयं अदालतको हुने हुँदा सञ्चार माध्यमहरूले समाचारको माध्यमबाट विचाराधीन मुद्दामा विघ्न खडा गर्ने वा उक्त दायित्वको भार आफै बोक्ने कार्य गर्नु हुँदैन । यद्यपि विचाराधीन मुद्दाको स्वच्छ सुनुवाईमा प्रतिकुल असर नपार्ने वा मुद्दामा निहित संवैधानिक वा कानूनी प्रश्न सँग सम्बन्धित समाचार र सार्वजनिक हितसँग सम्बन्धित सामग्रीलाई सम्प्रेषण गर्न भने पत्रपत्रिका तथा सञ्चार माध्यमहरूलाई रोक लगाउने कार्य गरिनु हुँदैन ।

अदालती मर्यादा

अदालतका सम्बन्धमा कहिलेकाहिं यस्ता समाचार सामग्रीहरू प्रेषित हुने गर्दछन् जसको विषयवस्तुले अदालती मर्यादामा प्रतिकुल असर पारेको देखिन्छ । न्यायालयलाई विवादास्पद बनाउने मनसायले प्रेरित यस्ता समाचारहरू प्रिन्ट पत्रपत्रिकाभन्दा नयाँ मिडियामा आधारित सञ्चार माध्यमहरूमा तुलनात्मक रूपमा बढि देखिन्छ । यस्तो प्रवृत्तिलाई पत्रकार र सञ्चार माध्यमको अनभिज्ञता, अनुशासनहिनता र असावधानीसँग जोडेर हेर्न सकिन्छ । कतिपय अवस्थामा भने समाचार माध्यमहरूले बाह्य तत्त्वको प्रभावमा अदालती मर्यादाको सिमा उल्लङ्घन गरी कलुषित मनसायपूर्वक अदालतलाई विवादास्पद बनाउने प्रयत्न गरेको समेत पाइन्छ ।

त्यस्तै, केहि समाचार सामग्रीहरू भने न्यायाधीशउपर व्यक्तिगत लाञ्छना लगाउने मनसायले प्रेषित भएका पाइन्छन् । उदाहरणको लागि; "बलात्कार मुद्दामा अदालत संवेदनशील हुँदैन? प्रधान न्यायाधीशबाटै यस्तो फैसला!"[39], "थुनाको आदेश नसेलाउँदै सिद्धबाबाले कसरी पाए उन्मुक्ति?"[40], "बलात्कार गर्दागर्दै रङ्गेहात पक्राउः तर अदालतले भनिदियो – 'लेनदेनको विवाद'[41], "सुन तस्करीको मुद्दामा फैसला गर्ने न्यायाधीशको कालीकोट सरुवा"[42] । उल्लेख गरिएका यी शिर्षकहरू तथा

[39] पहिलोपोष्ट, *बलात्कार मुद्दामा अदालत संवेदनशील हुँदैन? प्रधान न्यायाधीशबाटै यस्तो फैसला!,* https://pahilopost.com/content/-1626.html ।

[40] साँघु न्यूज, *थुनाको आदेश नसेलाउँदै सिद्धबाबाले कसरी पाए उन्मुक्ति?,* https://www.sanghunews.com/content/27361 ।

[41] लोकपथ, *बलात्कार गर्दागर्दै रङ्गेहात पक्राउः तर अदालतले भनिदियो – 'लेनदेको विवाद',* https://www.lokpath.com/story/661667 ।

सामग्रीको अन्तरवस्तुले न्यायाधीश एवम् अदालतमाथि सोझो लाञ्छना साँधेको देखिन्छ । यसरी आग्रह, वैरभाव र कलुषित मनसायले प्रेरित भई हल्ला, अफवाह र मिथ्यावस्तुमा आधारित समाचार सामग्री निर्माण गर्दा एकातर्फ सञ्चार माध्यमको विश्वसनीयता माथि प्रश्न त उठ्छ नै अर्कोतर्फ अदालतलाई विवादास्पद तुल्याई न्यायप्रतिको जनआस्थालाई पनि विचलित पार्दछ । अदालती मर्यादामा आँच आउने तथा न्यायसम्पादनमा प्रतिकुल प्रभाव पार्ने गरी लेखिएको समाचारले अदालतको अवहेलनाको कारबाही समेत आकर्षित गर्ने हुँदा पत्रकार तथा सञ्चार माध्यमहरूले पर्याप्त सावधानी अपनाउन आवश्यक छ ।

अदालत भित्रका 'सुत्र' र कानून व्यवसायीहरूमा छाएको पपुलिजम्

अदालती पत्रकारितामा 'सुत्र' तथा 'भित्री स्रोत' को अवधारणालाई उचित मानिँदैन । सञ्चार माध्यमहरूले पनि अदालतलाई शनशनीपूर्ण खबरको स्रोतको रूपमा हेर्ने गरेको पाइँदैन । यसै कारण अदालती बिषयवस्तुमा आधारित ब्रेकिङ न्यूजहरू को संख्या विश्वव्यापी रूपमै अतिन्यून रहेको पाइन्छ ।[43] यद्यपि नेपालमा भने 'सुत्र' वा 'स्रोत'हरू इंगित गरी अदालत सम्बन्धमा समाचार सामग्रीहरू प्रकाशन गरिएको पाइन्छ । उक्त भित्री 'स्रोत'हरू भनी सामान्यतया अदालतका कर्मचारी र कतिपय अवस्थामा स्वयं न्यायाधीशहरूलाई इंगित गर्ने गरिएको पाइन्छ । त्यस्ता भित्री स्रोतहरू सकारात्मक र नकारात्मक दुवै प्रकारका उद्देश्य प्राप्तिका लागि प्रयोग हुने गरिएको देखिन्छ । तर, असल उद्देश्य प्राप्तिका लागि भित्री स्रोतको प्रयोग हुन सक्ने भएतापनि यसले गुप्तता, अस्वस्थ प्रतिस्पर्धा र न्यायिक विकृतिलाई प्रश्रय दिने हुँदा न्यायालयजस्तो गरिमामय निकायमा 'भित्री स्रोत'को अवस्थितिलाई अनैतिक एवं मर्यादाविरोधी मान्नुपर्ने हुन्छ ।

भित्री स्रोतको उल्लेख गरी सम्प्रेषण गरिएको समाचार सामग्रीको रूपमा करिब दुई वर्ष अघि सर्वोच्च अदालतमा न्यायाधीशहरूले सामूहिक रूपमा इजलास बहिष्कार गर्दाको प्रसंगको सेरोफेरोमा लेखिएका विषयवस्तुलाई लिन सकिन्छ । त्यसबेला अदालतलाई विवादास्पद गर्ने गरी "आनन्दमोहनले पढ्दापढ्दै रोकिएको ईश्वर खतिवडाको इमेल न्यायाधीशहरूबीचमै गुपचुप" शिर्षकमा छापिएको एक समाचार सामग्रीमा "स्रोत"लाई इंगित गर्दै घटनाको तथ्यलाई पुष्टि गर्न खोजिएको थियो । यसरी 'स्रोत' वा 'सुत्र' को रूपमा अदालत भित्रका कर्मचारी तथा न्यायाधीशहरू इंगित गरी व्यक्तिगत स्वार्थका लागि अदालतको गरिमा मै आँच आउने गरी समाचार सामग्री निर्माण गरिनु अदालत र अदालती पत्रकारिता दुवैका लागि दुःखद अभ्यास मान्नपुर्छ । यसले अदालतको साख घटाउने र न्याय प्रक्रियामा अविश्वसनियता निम्त्याउने कार्य गर्दछ ।

त्यस्तै, छोटो समयमै लोकप्रिय हुने कानून व्यवसायीहरूको अस्वस्थ प्रतिस्पर्धाले कतिपय अवस्थामा अदालतलाई विवादित बनाउन सक्दछ । अदालत र न्यायाधीशका बारेमा विवादास्पद कुरा व्यक्त गर्दा पेशामा थप मानिसले चिन्ने र अधिकाधिक मुद्दाहरू पनि प्राप्त हुने अभिलाषाले यसप्रकारका गतिविधिहरू प्रेरित भएको पाइन्छ । यस प्रकृतिका कानून व्यवसायी र सञ्चार माध्यमको संगम हुँदा अदालती गरिमालाई लक्षित गर्ने प्रकृतिका समाचार सामग्रीको सिर्जना हुने गरेको पाइन्छ । न्यायालयमा हुन सक्ने भ्रष्टाचार वा अनियमितताको विषयमा थप प्रमाण फेला पार्न तथा लागेका आरोप पुष्ट्याइ गर्न अदालती स्रोत र पेशामा आबद्ध कानून व्यवसायीहरूको सहभागिता समग्र न्याय प्रणालीको उन्नतीका लागि लाभदायी हुन सक्ने भएतापनि न्यायाधीशमाथि व्यक्तिगत निशाना साध्ने र अदालतको मानमर्यादामा आँच आउने गरी समाचार माध्यमहरूले 'सुत्र' तथा 'स्रोत'हरूलाई प्रश्रय दिनु उचित देखिँदैन । न त त्यस्ता स्रोत वा पपुलिष्ट कानून व्यवसायीहरूले व्यक्त गरेका पुष्टि हुन नसक्ने आरोपहरूलाई समाचार सामग्रीको रूपमा सम्प्रेषण गर्नु अदालती पत्रकारिताको नैतिकता अनुरूप नै हुन्छ ।

42

अनलाइनखबर, *सुन तस्करी मुद्दामा फैसला गर्ने न्यायाधीशको कालीकोट सरुवा,* https://www.onlinekhabar.com/2022/07/1163978 ।

[43] सन्दर्भका लागि फूटनोट ३ हेर्नुहोला ।

फैसलाको अपव्याख्या

कानूनको भाषिक जटिलताका कारण समाचार सामग्रीहरूमा फैसलाको अपव्याख्या हुने अत्यधिक जोखिमले अदालती पत्रकारिता ग्रस्त रहने गरेको छ। साथै, अदालती कार्यवधिको प्राविधिक प्रकृतिका कारण समेत फैसलाको अपव्याख्या भई मिथ्या सूचना फैलिने सम्भावना रहने गरेको देखिन्छ। उदाहरणको लागि केहि वर्ष अघि "अदालतमा विचाराधीन स्टिङ अपरेशनका ४०० मुद्दा खारेज हुने" नामक शिर्षकमा प्रकाशन गरिएको समाचार सामग्रीलाई लिन सकिन्छ।[44] *विष्णुप्रसाद घिमिरे विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग*को मुद्दा[45] मा सर्वोच्च अदालतको संवैधानिक इजलासले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्टिङ अपरेशनको कार्यलाई अवैधानिक घोषणा गरेको विषयवस्तुमा आधारित रहेर निर्माण गरिएको उक्त समाचार सामग्रीमा फैसलाको अपव्याख्या हुन गई सर्वोच्च अदालतले स्टिङ अपरेशनका ४०० भ्रष्टाचार मुद्दा खारेज गरेको भनी मिथ्या सूचनाको प्रसार भएको देखिन्छ। वास्तवमा उक्त फैसलाले अदालतमा विचाराधीन रहेका स्टिङ अपरेशन सँग सम्बन्धित भ्रष्टाचारका मुद्दालाई खारेज भने गरेको थिएन। सर्वोच्च अदालतमा अहिले पनि स्टिङ अपरेशनसँग सम्बन्धित घुस रिसवतका मुद्दाहरू कायम छन् जसको फैसला सम्बद्ध मिसिल कागज र प्रमाणका आधारमा भइरहेको छ।

यसरी समाचार सामग्री तयार गर्दा फैसलाको अपव्याख्या हुने स्थिति मूख्यतः पत्रकारको अदक्षताका कारण आउने गरेको देखिन्छ। तर, कतिपय अवस्थामा भने पत्रकार तथा सञ्चार माध्यमहरूले लोकप्रियता हासिल गर्ने उद्देश्यले नियतवश फैसलाको अपव्याख्या गरेको स्थिति पनि हुनसक्दछ। ईन्टरनेटमा भ्रमपूर्ण सूचनाको बढ्दो प्रवृत्तिका बीच अदालती पत्रकारिताको क्षेत्रमा अब्बल विशेषज्ञ पत्रकार नियुक्त गरी वा क्षमता विकास तालिम प्रदान गरी फैसलाको अपव्याख्या हुन सक्ने स्थितिलाई निरोध गर्न सकिन्छ। विशेषज्ञ पत्रकारिताको छनौटले अदालती पत्रकारितामा व्यवसायिकता प्रवर्द्धन गर्न समेत सहायता पुग्दछ। सञ्चार माध्यम एक्लैको प्रयासमा मात्र फैसलाको अपव्याख्याको जोखिमलाई निवारण गर्न सकिने भने देखिँदैन। अदालती समाचारहरूको स्रोत स्वयं अदालत नै हुने हुँदा मिथ्या सूचना नियन्त्रण गर्न अदालतको पनि महत्त्वपूर्ण भूमिका रहन्छ।

अदालती पत्रकारितामा रहेका अन्य समस्याहरू

यस खण्डमा माथि नै चर्चा गरिसकिएका विषयवस्तु लगायत अदालती पत्रकारितामा रहेका अन्य केहि समस्याहरूलाई पाठक सुविधाका लागि निम्नानुसार संक्षेपीकरण गरिएको छ;

क) मुद्दामा अनावश्यक मिडिया ट्रायल एवम् एजेन्डामूखि प्रसारण,
ख) संवेदनशील मुद्दामा सुनुवाई गर्ने न्यायाधीश, पक्ष तथा नियुक्त कानून व्यवसायीको नाम किटेर सामग्री निर्माण गर्ने प्रवृत्तिले न्याय निरुपणमा विघ्न अड्चन,
ग) विचाराधीन मुद्दासँग सम्बन्धित प्रमाण कागजहरूको परीक्षण हुनु अगावै खुला प्रकाशन र विश्लेषण,
घ) अन्तरकालीन तथा अन्तरिम आदेशलाई नकारात्मक रूपमा चित्रण गर्दा बाँकी सुनुवाईमा प्रतिकूल असर,
ङ) न्यायाधीशको चरित्रहत्या हुने गरी समाचार सामग्री प्रकाशन,
च) न्यायाधीशको योग्यता, क्षमता र विश्वसनीयतामा प्रश्न उठ्ने गरी लगातार रूपमा अस्वच्छ आलोचना,
छ) अदालतप्रति लाञ्छनाप्रेरित नकारात्मक पत्रकारिता,

44

अनलाइनखबर, *अदालतमा विचाराधीन स्टिङ अपरेशनका ४०० मुद्दा खारेज हुने,* https://www.onlinekhabar.com/2021/04/947358 ।

45 अधिवक्ता विष्णु प्रसाद घिमिरे वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संवैधानिक इजलास, मुद्दा नः ०७४-WC-००२०, फैसला मितिः २०७८।०१।०८।

ज) अदालतमा भित्री स्रोतको उदय,
झ) सामाजिक सञ्जालमा बढ्दो मिथ्या सूचना,
ञ) लाईभ-ब्लगिङ सँग सम्बद्ध समस्या,
ट) दर्ता नभएका सामाजिक सञ्जालका मिडियाको अनैतिक गतिविधि।

समग्रमा, प्रेस स्वतन्त्रता र न्याय सम्पादन प्रक्रिया बीच पारस्परिक सम्बन्ध रहेको देखिन्छ। यस सम्बन्धमा नेपालको संविधान प्रदत्त प्रेस स्वतन्त्रताको हकले समेत स्वच्छ न्याय प्रणाली र उत्तरदायी पत्रकारिताको समपुरकतालाई आन्तरिकीकरण गरेको देखिन्छ । त्यस्तै, प्रेस स्वतन्त्रताको उत्तरदायी प्रयोगले अदालतमा हुन सक्ने भ्रष्टाचार र अनियमिततालाई उद्घटित गरी न्यायालयलाई स्वच्छ र स्वतन्त्र कायम गर्न सघाउनुका साथै विश्वसनीय पत्रकारिता प्रवर्द्धन गर्न सहयोग पुर्याउँदछ । तसर्थ, अदालती मर्यादा तथा स्वच्छ सुनुवाईका मान्यताको संरक्षण एवम् प्रवर्द्धन गर्न संयमित तथा स्वनिमयित प्रेस स्वतन्त्रताको हकको उपयोग गर्ने तर्फ सबै सञ्चार माध्यमहरू अग्रसर हुनु जरुरी देखिन्छ।

५. मिसइन्फर्मेशन, डिसइन्फर्मेशन र मालइन्फर्मेशन

यस अधिको खण्डमा फैसलाको अपव्याख्या लगायतका शिर्षकहरूमा मिथ्या सूचनाको प्रभावलाई केहि चर्चा गरिएको थियो। इन्टरनेट र कृत्रिम बौद्धिकताका कारण विश्वव्यापी रूपमा भ्रमपूर्ण सूचनाको त्रासदि अवस्था रहेका कारण यस खण्डमा मिथ्या सूचना बारे थप विवेचना गर्ने प्रयास गरिएको छ। मिथ्या सूचनालाई मूख्यतः तीन समूहमा वर्गिकरण गरिएको पाइन्छ।[46] पहिलो, मिसइन्फर्मेशन भन्नाले कसैलाई हानी गर्ने उद्देश्य नलिई अन्जानमा सम्प्रेषण गरिएको मिथ्या सूचना बुझिन्छ।[47] दोस्रो, डिसइन्फर्मेशन भन्नाले कसैको व्यक्ति, मर्यादा, इज्जत वा प्रतिष्ठामा हानी गर्ने वा समग्र जनता वा राष्ट्रलाई गलत दिशामा डोर्याउने बदनियतका साथ सम्प्रेषण गरिएको मिथ्या सूचना बुझिन्छ।[48] त्यस्तै, मालइन्फर्मेशन भन्नाले कुनै यथार्थ विषयवस्तुलाई बङ्ग्याइ वा अतिरञ्जित पारी पाठकलाई गलत सूचना दिने वा कसैको मानमर्यादामा आँच आउने तरिकाले प्रस्तुत गरिएको मिथ्या सूचना बुझिन्छ।[49] यी तीनै प्रकारका मिथ्या सूचनाले पाठकलाई यथार्थबाट दुर गरी अनिभिज्ञता र गलतको पक्षपाती बनाउँदछ। मिथ्या सूचनाको माध्यम र विषयवस्तु कतिसम्म भयावह छ भने स्यालोफेक र डिपफेक्स जस्ता मिथ्या सूचनाले समग्र शासन प्रक्रियालाई प्रभावित पार्न सक्दछ । विशेषतः सामाजिक सञ्जालको तिव्र गतिमा सूचना सम्प्रेषण गर्न सक्ने क्षमताका कारण मिथ्या सूचनाले महामारीको रूप लिएको देखिन्छ।

मिथ्या सूचनाको प्रभावबाट अदालती पत्रकारिता पनि अछुतो छैन। केहि महिना अघि सर्वोच्च अदालतलाई विवादास्पद बनाउने उद्देश्यले युट्युब च्यानल 'सिधाकुरा'मा प्रशारण गरिएको अडियो फाइल र सोमा आधारित समाचार मिथ्या सूचना भित्रै पर्दछ। इन्टरनेटको बढ्दो प्रयोग र सामाजिक सञ्जालमूखि समाचार सामग्रीको उदय सँगसँगै मिथ्या सूचनाको भयावह स्थिति सिर्जना भएको देखिन्छ।

---

[46] Canadian Centre for Cyber Security, How to Identify misinformation, disinformation and mal-information, retrieved from https://www.cyber.gc.ca/sites/default/files/misinformation-mesinformation-itsap.00.300-en.pdf

[47] *Id.,* Misinformation refers to false information that is not intended to cause harm.

[48] *Id.,* Disinformation refers to false information that is intended to manipulate, cause damage, or guide people, organizations, and countries in the wrong direction.

[49] Disinformation refers to false information that is intended to manipulate, cause damage, or guide people, organizations, and countries in the wrong direction.

मिथ्या सूचनाको संक्रमणसँग लड्न सञ्चार माध्यमहरूको मूख्य भूमिका रहने गर्दछ । सूचनाको प्रमुख संवाहकको रूपमा रहेका सञ्चार माध्यमहरूले समाचार प्रकाशनपूर्व सूचनाको यथार्थता र सत्यताको परीक्षण गरी धेरै हदसम्म मिथ्या सूचनाको नकारात्मक प्रभावलाई नियन्त्रण गर्न सक्दछन् । साथै, अदालतले एकद्वार प्रणाली मार्फत सञ्चार माध्यमहरूलाई यथार्थपरक सूचना प्रवाह गरी मिथ्या सूचनालाई निरुत्साहित गर्न सकिन्छ ।[50] पारदर्शिता नै यथार्थपरक सूचनाको पहिलो शर्त हुने हुँदा अदालती कामकारवाहिमा निहित आवश्यक बाहेकका गोप्य प्रकृतिलाई न्यूनिकरण गरी मिथ्या सूचनाको प्रभावलाई निवारण गर्न सकिन्छ ।[51] यद्यपि केहि अवस्थामा गोपनियता र सुरक्षाका दृष्टिले पूर्ण पारदर्शिता कायम गर्न गने सकिँदैन ।

६. अदालती पत्रकारितामा नैतिकता तथा पेशागत आचरण

यस खण्डमा विभिन्न राष्ट्रहरूमा अभ्यास गरिएका अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शन र पेशागत आचारणसंहिताको विश्लेषण गरिएको छ । मिथ्या, भ्रमपूर्ण तथा नियोजित एजेन्डायुक्त अदालती पत्रकारिताका कारण चल्न सक्ने अदालती मुद्दाहरू जस्तै; गोपनियताको हनन, बेइज्जति तथा अदालतको अवहेलना सम्बन्धी फौजदारी कारवाही लगायतका विषयलाई भने यस लेखमा समावेश गरिएको छैन ।

कोसोभोमा अदालती पत्रकारिताका लागि जारी गरिएको मार्गदर्शन, २०२३[52]

अर्गनाईजेसन फर सेक्युरिटी एन्ड को-अपरेशन इन युरोप मिसन इन कोसोभोद्वारा सेप्टेम्बर, २०२३ मा जारी गरिएको अदालती पत्रकारिता सम्बन्धी हातेपुस्तिका विशेषतः मुद्दाको स्वच्छ सुनुवाई कायम गर्न अबलम्बन गरिनुपर्ने पेशागत आचरणसँग सम्बन्धित देखिन्छ । सूचनाको तथ्यपरकता तथा विश्वसनियता, पीडितप्रतिको संवेदनशीलता र पक्ष तथा साक्षीको गोपनियताजस्ता विषयलाई विशेष महत्त्व दिँदै अदालती पत्रकारिताका कारणले मुद्दाका कुनै पक्षलाई लाभ वा हानी हुने स्थिति सिर्जना नहुने गरी रिपोर्टिङ गर्न उक्त मार्गदर्शनले सुझाएको देखिन्छ ।

अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शन – इप्सो (संयुक्त अधिराज्य)[53]

संयुक्त अधिराज्यमा इप्सो अर्थात् स्वतन्त्र प्रेस मापदण्ड संगठनले संपादकको आचारसंहिता[54]का सान्दर्भिक व्यवस्थामा आधारित रहेर अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शन जारी गरेको पाइन्छ । उक्त मार्गदर्शनको विषयवस्तु विशेषतः फौजदारी प्रकृतिका मुद्दामामिला सँग निकटतर देखिन्छ । मार्गदर्शनमा अदालती पत्रकारिताको अभ्यास गर्दा गर्न हुने तथा गर्न नहुने कार्यको व्याख्या गरी पत्रकारहरूलाई स्वच्छ सुनुवाईको सिद्धान्तको पूर्ण अनुपालन गर्न आह्वान गरिएको देखिन्छ ।

---

[50] Right Honourable Beverly McLachlin, P.C. Chief Justice of Canada, The Relationship Between the Courts and the Media (2014); I have been discussing how courts can help inform the press, (and through the press, the public) on the day-to-day functioning of the courts and the content of judicial decisions. The approach I have discussed is premised on a fundamental principle of great importance – the principle that the courts should be open, subject only to narrow and judicial exceptions.

[51] *Id;* Of course, not everything can always be disclosed; sometimes the pressing concerns of privacy or security trump openness.

[52] Mission in Kosovo - Organization for Security and Co-operation in Europe, *Court Reporting Guidelines for Journalists,* Sept. 2023).

[53]

Independent Press Standards Organisation, *Guidance on Court Reporting* available at https://www.ipso.co.uk/media/2168/ipso-court-reporting-guidance.pdf .

[54] Independent Press Standards Organisation, *Editor's Code of Practice* (Jan. 2021).

समाचारको यथार्थता कायम गर्न उत्प्रेरित गरिएको उक्त मार्गदर्शनमा मुद्दाका पक्षलाई झिझ्याउने, पक्ष वा पक्षका परिवारको तस्विर सार्वजनिक गर्ने लगायतका कार्यलाई निषेध गरिएको देखिन्छ । साथै, सामाजिक सञ्जालको संवेदनशीलतालाई ध्यानमा राखी कुनै समाचार प्रकाशन गर्दा विशेष सतर्कता अपनाउन निर्देशन गरिएको देखिन्छ ।

क्विन्स्ल्यान्ड सेन्टेन्सिङ एड्भाइजरी काउन्सिलको अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शन[55]

अष्ट्रेलियाका विभिन्न प्रान्तहरूमा प्रान्तिय क्षेत्राधिकारभित्र लागू हुने गरी अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शनको निर्माण गरिएको पाइन्छ । हातेपुस्तिकाको स्वरुपमा निर्माण गरिएका उक्त मार्गदर्शनहरूमा पेशागत आचरण बाहेक प्रान्तको अदालती प्रक्रिया, कानून सम्बन्धी प्राविधिक शब्दावली र समग्र अदालती प्रणालीका बारेमा जानकारी दिइएको देखिन्छ । जसमध्ये क्विन्सल्यान्ड सेन्टेन्सिङ एड्भाइजरी काउन्सिलद्वारा पत्रकारका लागि निर्माण गरिएको अदालती रिपोर्टिङ मार्गदर्शन हेर्दा, विशेषतः मुद्दाको स्वच्छ सुनुवाईलाई कायम गर्न आचरणगत नियमहरू पालना गर्न सुझाइएको देखिन्छ । उक्त मार्गदर्शनमा कुनै मुद्दाको सुनुवाई सुरु भइसकेपछि त्यस मुद्दासँग सम्बन्धित पूर्वअवगत सूचनालाई उल्लेख गर्न वा सन्दर्भ स्रोतका रूपमा लिनबाट रोक लगाइएको देखिन्छ । यसरी उक्त मार्गदर्शनले कुनै पनि किसिमको समाचार सामग्रीबाट विचाराधीन मुद्दाका सम्बन्धमा भाष्य निर्माण गर्ने वा न्यायाधीशको निर्णयलाई प्रभावित गर्ने कार्यमा पूर्ण रोक लगाएको देखिन्छ ।

भारतीय व्यवस्था

अदालती पत्रकारिता सम्बन्धमा भारतीय व्यवस्था अन्य राष्ट्र भन्दा केहि पृथक रहेको देखिन्छ । भारतमा अदालती पत्रकारिताको गुणस्तर र सूचनाको यथार्थपरकता कायम गर्न प्रेस काउन्सिल मापदण्ड[56] र अदालतमा संवाददाताको प्रत्यायान सम्बन्धी मापण्ड[57] अवलम्बन गरिएको देखिन्छ । उक्त मापदण्डहरूको माध्यमबाट अदालतको मर्यादा, स्वच्छ सुनुवाई र गुणस्तरीय पत्रकारिता प्रवर्द्धन गर्दै अदालती पत्रकारिता सम्बन्धमा नैतिक मार्गदर्शन जारी गरिएको देखिन्छ ।

भारतीय सर्वोच्च अदालतद्वारा जारी गरिएको कानूनी संवाददाता प्रत्यायान मापदण्ड अनुसार, कानूनी संवाददाताले नियमित प्रत्यायान प्राप्त गर्न शैक्षिक योग्यता र कार्यानुभवको योग्यता पूरा गर्नु पर्ने देखिन्छ । शैक्षिक योग्यताको शर्त बमोजिम कानूनी संवाददाताले भारतीय बार काउन्सीलले मान्यता दिएको कानूनी उपाधी प्राप्त गरेको हुनुपर्दछ भने नियमित एवं अविच्छिन्न रूपमा कम्तिमा पाँच वर्ष सर्वोच्च अदालतको रिपोर्टिङ गरी अनुभव प्राप्त गरेको पत्रकारका हकमा निजले कुनै अन्य विषयमा स्नातकोपाधि हासिल गरेको भएमा प्रधान न्यायाधीशको निर्णयले निजलाई सर्वोच्च अदालतमा प्रत्यायित गर्न सकिने देखिन्छ । [58] त्यस्तै, कार्यानुभवको योग्यता शर्त बमोजिम त्यसरी प्रत्यायित हुन चाहने व्यक्तिले सर्वोच्च अदालत वा अन्य भारतीय उच्च अदालतमा कम्तिमा साढे तीन वर्षको रिपोर्टिङ गरेको अनुभव सहित अविच्छिन्न एवं नियमित रूपमा कम्तिमा पाँच वर्षको अदालत रिपोर्टिङको अनुभव हासिल गरेको हुनुपर्ने देखिन्छ । [59] विद्युतीय सञ्चार माध्यमको हकमा भने सर्वोच्च अदालत वा भारतीय उच्च अदालतको कम्तिमा दुई वर्षको रिपोर्टिङको अनुभव समेत गरी पाँच वर्षसम्म अविच्छिन्न तथा नियमित रूपमा अदालत रिपोर्टिङको अनुभव भए पुग्ने देखिन्छ । [60]

---

[55] Queensland Sentencing Advisory Council, *Court Reporting Guide for Journalists,* June 2019.

[56] Press Council India, *Press Council Norms of Journalistic Conduct* (Edition, 2022).

[57] Supreme Court of India, *Norms for Accreditation of the Legal Correspondents in the Supreme Court of India,* (Amended, 2018).

[58] Norms for Accreditation of the Legal Correspondents in the Supreme Court of India, Norm 1.

[59] Norms for Accreditation of the Legal Correspondents in the Supreme Court of India, Norm 2.

[60] Norms for Accreditation of the Legal Correspondents in the Supreme Court of India, Norm 2.

त्यस्तै, भारतीय प्रेस काउन्सिलले जारी गरेको पत्रकारको पेशागत आचार संहितामा अदालती पत्रकारितासँग प्रत्यक्ष सम्बन्ध राख्ने दुईवटा नियमहरू राखिएको छ; जसमा अदालती मर्यादा र स्वच्छ सुनुवाई सम्बन्धमा विशेष प्रावधान रहेको देखिन्छ। उक्त प्रावधानहरूमा निम्नानुसार व्यवस्था गरेको देखिन्छ;

न्यायिक कार्यको आलोचना गर्दा अपनाउनु पर्ने सावधानी[61]

यस प्रावधान बमोजिम अदालती रिपोर्टिङ तथा पत्रकारिता गर्ने क्रममा न्याय प्रशासनको कार्यमा प्रतिकुल प्रभाव पार्ने तथा विचाराधीन मुद्दामा टिप्पणी गर्ने, बहस चलाउने वा मिडिया ट्रायल हुने गरी सामग्रीको प्रकाशन प्रशारण गर्न रोक लगाइएको देखिन्छ। यस प्रावधानले रोक लगाइएका सामग्रीहरूमा अभियुक्तको व्यक्तिगत चरित्र, साबिती बयान र अभियुक्तलाई हिरासतमा लिइसकेको अवस्थामा पत्रपत्रिकाले खोजपत्रिकाको माध्यमबाट आफै संकलन गरेका प्रमाण लगायतका विषयवस्तु समेत पर्दछन्। त्यस्तै, सार्वजनिक हितका लागि फैसलाको आलोचान गर्न सकिने भएतापनि न्यायाधीश उपर अनुचित आशंका वा व्यक्तिगत आग्रह प्रस्तुत गर्ने, निजको इमान र सक्षमता विरुद्ध लाञ्छना लगाउने र अदालतलाई विवादास्पद तुल्याउने सामग्री प्रकाशन गर्न रोक लगाइएको पाइन्छ। उक्त प्रावधानले अदालती अवहेलनाको मुद्दा आकर्षित नहुने अवस्थामा पनि अनुचित आलोचना गर्नबाट रोक लगाएको देखिन्छ।

अदालती कारवाही सम्बन्धी समाचारको रिपोर्टिङ[62]

यस प्रावधान बमोजिम अदालती समाचार सामग्रीको प्रकाशन गर्नुपूर्व सूचनाको वास्तविकता, यथार्थता र आधिकारिकता परीक्षण गर्न निर्देशन गरिएको देखिन्छ। त्यस्तै, इजलासमा सुनुवाईका बेला न्यायाधीशद्वारा सोधिएका प्रश्न सत्य तर्फ पुग्न गरिएको प्रयास समेत हुन सक्ने हुँदा सो बारे सावधानी अपनाउन भनी उल्लेख गरिएको देखिन्छ। साथै, कुनै सामग्री निर्माण गर्दा मुद्दासँग सम्बद्ध कानून व्यवसायी र न्यायाधीशको नाम बोक्ने वा कुनै विषयलाई मात्र खास जोड दिई मनोमानी ढंगले फैसलाको विषयवस्तु उद्धरित गर्ने कार्यबाट रोक लगाइएको देखिन्छ।

राष्ट्रिय व्यवस्थाः पत्रकार आचारसंहिता, २०७३

नेपालमा पत्रकारिताको अभ्यासलाई उच्च पेशागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउन सबै सञ्चार माध्यम र पत्रकारलाई लागू हुने गरी पत्रकार आचारसंहिता, २०७३ जारी गरिएको पाइन्छ। अदालती पत्रकारीताको क्षेत्रका लागि छुट्टै आचरणगत निर्देशिका जारी गरिएको नभएतापनि उक्त आचारसंहितामा व्यवस्था गरिएका केहि प्रावधानहरूले अदालती पत्रकारितासँग सम्बद्ध नैतिक आचरणलाई समेटेको देखिन्छ। वस्तुतः आचारसंहिताको नियम ५(११) प्रत्यक्ष रूपमा अदालती पत्रकारितासँग जोडिएको देखिन्छ। उक्त प्रावधानमा "पत्रकार तथा सञ्चारमाध्यमले न्यायिक निकायमा विचाराधीन मुद्दाको स्वच्छ सुनुवाइ प्रक्रिया वा निर्णयमा प्रतिकूल असर पार्ने गरी कुनै पनि सामग्री सम्प्रेषण हुनुहुँदैन" भनी व्यवस्था गरिएको देखिन्छ।[63] पत्रकारिताको क्षेत्रमा उक्त प्रावधानको पूर्ण अनुपालन भएको छ भन्ने दावी गर्न सकिने अवस्था भने देखिँदैन। त्यस्तै, उक्त आचार संहिताले अपराधबाट प्रभावित व्यक्ति (survivor) तथा पीडित व्यक्तिलाई नकारात्मक असर पर्ने गरी वा निजको गोपनियतामा असर पर्ने गरी समाचार, तस्वीर र दृश्य उत्पादन, वितरण वा प्रकाशन-प्रशारणमा समेत रोक लगाएको देखिन्छ।[64] साथै, आचार संहिताको नियम ३(९) मा पत्रकार तथा सञ्चार माध्यमहरूलाई गोपनियताको हकको

[61] Press Council Norms for Journalistic Conduct, Rule 6a.

[62] Press Council Norms for Journalistic Conduct, Rule 6b.

[63] पत्रकार आचारसंहिता, २०७३, नियम ५ उपनियम ११।

[64] पत्रकार आचारसंहिता, २०७३, नियम ५ उपनियम ४।

सम्मान गर्न निर्देशन गरिएको देखिन्छ।[65] महिला-संवेदनशील पत्रकारिता गर्न आह्वान गर्दै प्रेस काउन्सिलद्वारा जारी गरिएको निर्देशिकाले लैङ्गिक कसूरको अदालती कारवाही सम्बन्धमा अवलम्बन गर्नुपर्ने अभ्यासलाई समेत समेटेको देखिन्छ।[66] यसरी गोपनियता र स्वच्छ सुनुवाई कायम गर्न पत्रकार आचारसंहिता, २०७३ मा केहि गोश्वारा व्यवस्था गरिएको भएतापनि अदालती पत्रकारिताको विशेष प्रकृतिलाई सम्बोधन गर्न भने सकिएको छैन।

अदालती पत्रकारितामा व्यवसायिकता तथा नैतिकता प्रवर्द्धनका उपायहरू

समग्रमा हेर्दा, पश्चिमा देशहरूमा अवलम्बन गरिएका मार्गदर्शन, पत्रकार आचारसंहिता, २०७३, यस अघिका खण्डमा विवेचना गरिएका विषय समेतको आधारमा अदालती पत्रकारितामा कायम समस्याहरूलाई निम्नानुसारका स्वनियमनका उपायहरू अबलम्बन गरी समाधान गर्न सकिने देखिन्छ;

व्यवसायिक दक्षता

अदालती रिपोर्टिङमा विशेषज्ञ पत्रकारिता कायम गर्न अदालती बिटमा कार्यरत प्रत्येक पत्रकारले नेपालको संविधान, न्याय प्रणाली, अदालती कार्यविधि र सर्वोच्च अदालत लगायत अन्य अदालतको वेबसाइट सम्बन्धमा आवश्यक ज्ञान आर्जन गर्नु आवश्यक छ। पत्रकारहरूले अदालतको वेबसाइटबाट दैनिक पैसी सूची हेर्ने, महत्त्वपूर्ण र नियमित आदेश वा फैसला प्राप्त गर्ने तथा अदालतबाट आदेश वा फैसलाका कागजहरूको प्रतिलिपि लिने लगायतका विषयमा आफ्नो सिप विकास गर्न सक्दछन्। त्यस्तै, अदालतमा दैनिक रूपमा प्रयोग हुने कानूनी शब्दावलीहरूको अर्थ, अदालती कार्यविधि एवम् अन्तरिम तथा अन्तरकालीन आदेशको प्रभाव र अदालती मर्यादाका नियम र मान्यता समेतको अध्ययन गरी पत्रकारहरूले पेशागत व्यवसायिकता आर्जन गर्न सक्दछन्।

नैतिक आचरण

अदालती पत्रकारितामा नैतिकता प्रवर्द्धन गर्न निम्नानुसारका उपायहरू अवलम्बन गर्न सकिन्छ;

गर्नु पर्ने कार्यः

क) अदालत वा कुनै मुद्दा विशेष रिपोर्टिङ गर्दा सूचनाको यथार्थता, विश्वसनियता र आधिकारिकता परीक्षण गर्नु पर्ने,
ख) समाचार सम्प्रेषण गर्नु पूर्व अदालती कागजातबाट समाचारको यथार्थता पुष्टि गर्नुपर्ने,
ग) विश्वसनिय, वैधानिक र अधिकाधिक स्रोतबाट प्राप्त सूचनाको मात्र सम्प्रेषण गर्नुपर्ने,
घ) मुद्दाको अन्तिम सुनुवाई भइसकेको छैन भने आफूले सम्प्रेषण गरेको समाचारमा अन्य प्रमाणहरू पेश हुन बाँकि रहेको र अदालती कारवाही चलिरहेको भनी उल्लेख गर्नुपर्ने,
ङ) मुद्दामा सुनुवाई हुनु पूर्व पत्रकार तथा सञ्चार माध्यमलाई थाहा भएका मुद्दासम्बन्धी सूचनालाई उल्लेख नगरी मुद्दा सम्बन्धी समाचार सामग्री निर्माण गर्नुपर्ने,
च) मुद्दाका कुनै पक्षको पक्षपाती नभई सबै पक्षको विषयलाई समेटी संतुलित पत्रकारिताको अभ्यास गर्नु पर्ने,
छ) फौजदारी मुद्दाको रिपोर्टिङ गर्दा अभियुक्तको दोष वा निर्दोषिताबारे संकेत नगरी समाचार लेख्नुपर्ने,
ज) इजलास कक्षभित्रका घटना रिपोर्ट गर्दा मुद्दाको अभिलेखमा जाने र नजाने कुराको भिन्नता बोध गरी सो अनुसार समाचार सामग्री प्रकाशन गर्नुपर्ने,
झ) लाईभ ट्विट वा लाईभ ब्लग गर्दा अदालती कारवाही र मर्यादामा बाधा नपुग्ने गरी गर्नुपर्ने,

[65] पत्रकार आचारसंहिता, २०७३, नियम ४ उपनियम ९।

[66] महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६।

ञ) अदालतमा हुन सक्ने भ्रष्टाचार वा अनियमितता सम्बन्धमा समाचार प्रकाशन गर्दा यथार्थता र वस्तुनिष्ठता प्रवर्द्धन गर्नुपर्ने,

गर्न नहुने कार्यः

क) पीडित वा साक्षीको गोपनियता हनन् हुने गरी समाचार सामग्री प्रकाशन प्रशारण गर्न नहुने,
ख) विशेषतः यौन कसूरमा पीडितको नाम, पहिचान वा अन्य कुनै पहिचान सम्बन्धी विवरण खुलाउन नहुने,
ग) समाचार सम्प्रेषण गर्दा आफ्नो वा अन्य कसैको विचारलाई समावेश गर्न नहुने,
घ) विचाराधीन मुद्दामा अभियुक्तको आपराधिक पृष्ठभूमिबारे उल्लेख गर्न नहुने,
ङ) अदालत तथा इजलासभित्र अनुमतिबिना फोटो, भिडियो वा अडियो रेकर्ड गर्न नहुने,
च) अदालतमा पेश गरिएका प्रमाण साक्षी बाहेक अदालती कारवाही भन्दा बाहिर अनुसन्धानका बेला थाहा हुन आएका कुराहरूको उल्लेख गर्न नहुने,
छ) विचाराधीन मुद्दामा पीडित, साक्षी, अभियुक्त वा संलग्न कानून व्यवसायीको अन्तर्वार्ता लिन नहुने,
ज) मुद्दा सम्बद्ध कागजात र प्रमाणहरू प्रकाशन प्रशारण गर्न नहुने,
झ) मुद्दाका पीडित वा अभियुक्तका अभिव्यक्तिहरूका रूपमा रहने "खुला पत्र" प्रकाशन प्रशारण गर्न नहुने,
ञ) अदालत भित्र कुनै किसिमको भित्री "सुत्र" वा "स्रोत"हरू स्थापना गर्न नहुने,
ट) न्यायाधीशको आचरण सम्बन्धमा अनैतिक तथा अवैधानिक स्रोतबाट प्राप्त सूचनलाई प्रश्रय दिन नहुने,
ठ) सम्पूर्ण अदालतलाई विवादास्पद बनाउने गरी सामग्री प्रकाशन गर्न नहुने,
ड) कुनै किसिमको भाष्य निर्माण गर्ने उद्देश्यले अदालती फैसला वा आदेशका निश्चित प्रकरणहरू छनोट गरी तिनलाई मात्र प्रकाशन प्रशारण गर्न नहुने,
ट) न्यायाधीश उपर व्यक्तिगत लाञ्छना लगाउन नहुने,

उल्लिखित उपायहरूको अवलम्बन पूर्णतः पत्रकार तथा सञ्चार माध्यमहरूको प्रयासमा निर्भर रहन्छ । मिथ्या सूचना निरुत्साहित गर्न र समस्त न्याय प्रणालीको सार्वजनिक विश्वास कायम गर्न तत्पर पत्रकार तथा सञ्चारकर्मीको कर्तव्यपरायण गतिबिधिबाट अदालती पत्रकारितामा नैतिकता प्रवर्द्धन हुनेमा विश्वास गर्न सकिन्छ ।

७. उपसंहार

निष्कर्षमा, ईन्टरनेटको उदय र विकास सँगै मिथ्या समाचारको जोखिम उच्च रहेकोमा विवाद देखिँदैन । खासगरी, अदालतजस्तो संवेदनशील निकायको गरिमा र मर्यादामा आँच आउने गरी समाचार सम्प्रेषण हुँदा समग्र न्याय प्रणाली प्रभावित हुने हुनाले यसतर्फ सावधानी अपनाउनु आवश्यक देखिन्छ । त्यसो त मिथ्या सूचनाको संक्रमण रोक्न मिथ्या समाचार फैलाउने निकायलाई दण्ड गर्न सकिने व्यवस्था नभएको भने होइन । सञ्चार माध्यमहरूका आफ्नै आचारसंहिता र स्वनिमयन प्रणालीले पनि मिथ्या सूचनाको न्यूनिकरणमा भूमिका खेलेको पाइन्छ । यद्यपि अदालत तथा मुद्दासम्बन्धी विषयवस्तुलाई लिएर समाचार सामग्री तयार पार्ने क्रममा पर्याप्त सावधानी नअपनाउँदा अदालती मर्यादामा आँच आउने तथा मुद्दाको स्वच्छ सुनुवाईमा प्रतिकुल प्रभाव पर्ने जोखिम बढेको देखिन्छ ।

खासगरी अदालती पत्रकारिताको क्षेत्र अन्य बिट पत्रकारिता भन्दा पृथक प्रकृतिको रहने हुँदा यस क्षेत्रमा कार्यरत पत्रकार र सञ्चार माध्यमहरूको व्यवसायिक अभ्यासलाई प्रवर्द्धन गर्न छुट्टै मार्गदर्शनको आवश्यकता रहेको देखिन्छ । न्यायालयको

गरिमा र विश्वसनियताको दिगो संरक्षण र प्रबर्द्धन गर्न पनि अदालती पत्रकारितालाई सहयोग हुने प्रकृतिको मार्गदर्शन वा आचरणगत निर्देशिका आवश्यक रहेको देखिन्छ । त्यसरी कुनै आचारणगत निर्देशिका निर्माण हुँदा प्रेस स्वतन्त्रताको अधिकारको प्रयोगमा भने कुनै वञ्चना वा रोक लगाइनु हुँदैन ।

हालै मात्र संवैधानिक तथा न्यायिक पत्रकार मञ्चको सक्रियता र अदालत, प्रेस तथा सरोकारवाला निकायको सहभागितामा अदालती पत्रकारिता सम्बन्धी मार्गदर्शन निर्माण गर्ने प्रयास भइरहेको देखिन्छ । नवोदित पत्रकार तथा सञ्चार माध्यमलाई समग्र न्याय प्रणाली तथा अदालती पत्रकारिताका अन्तरवस्तुसँग परिचय गराउने उद्देश्यले गरिएको उक्त प्रयासले न्यायिक मर्यादा प्रवर्द्धन गर्नेमा विश्वास गर्न सकिन्छ । साथै, मिथ्या सूचनाको निरुत्साहन तथा प्रेस स्वतन्त्रता र स्वच्छ सुनुवाई बीच पर्याप्त सन्तुलन कायम गर्न उक्त मार्गदर्शन सफल भएमा न्यायालय र सञ्चार माध्यम दुवैको सार्वजनिक विश्वसनियता प्रवर्द्धन हुनेमा आशावादी हुन सकिन्छ ।